एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

स्वीकृत मितिः २०८३।०६।११

प्रस्तावनाः कृषि क्षेत्रको दिगो विकासको लागि भौगोलिक सम्भाव्यता, तुलनात्मक लाभ र कृषकको मागको आधारमा कृषिजन्य बाली वस्तुहरुको उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण प्रवर्धन सम्बन्धी कार्यक्रमहरुलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नका साथै समय सापेक्ष नवीनतम कृषि प्रविधि कृषक तथा कृषि उद्यमी समक्ष पुऱ्याइ कृषि प्रसारका क्रियाकलापलाई नतिजामूलक बनाउन वाञ्छनीय भएकाले प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागु गरेको छ।

परिच्छेद -१
प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"आपूर्तिकर्ता"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गर्न आवश्यक उत्पादन सामग्री लगायतका सेवा आपूर्ति गर्ने इजाजत प्राप्त उत्पादक तथा वितरक संस्थालाई सम्झनुपर्छ।

(ख) **"उत्पादन सामग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, बिरुवा, औषधी, विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, कृषि औजार, यन्त्र उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने अन्य सामग्री/वस्तुलाई समेत सम्झनुपर्छ।

(ग) **"कार्यक्रम"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनुपर्छ।

(घ) **"कार्यालय"** भन्नाले प्रदेशमा रहेका कृषि विकास कार्यालय एवं कृषि तथा पशुपन्छी विकास कार्यालय सम्झनुपर्छ।

(ङ) **"केन्द्र"** भन्नाले निर्देशनालय मातहतको फार्म केन्द्रहरु र प्रयोगशालाहरु समेत सम्झनुपर्छ।

(च) **"कृषि पूर्वाधार"** भन्नाले सार्वजनिक/सामुदायिक/निजी प्रयोजनका लागि निर्माण हुने संरक्षित संरचना, सिँचाइ संरचना, कृषि उपज

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमेश आले मगर
मन्त्री

उत्पादन/सङ्कलन/चिस्यान/भण्डारण/प्रशोधन संरचना लगायत बजारीकरण सम्बन्धी विभिन्न पूर्वाधारलाई सम्झनुपर्छ।

(छ) **"मूल्य श्रृंखला"** भन्नाले कृषि उपज विशेष वा सेवाहरुको विकासको लागि कच्चा पदार्थ आपूर्ति एवम् उत्पादनको तह हुँदै संकलन, प्रशोधन, भण्डारण, बजारीकरण भई वस्तु/सेवालाई उपभोक्ता समक्ष पुर्याउने क्रियाकलापहरुको सिलसिला एवम् संगालो भन्ने बुझ्नुपर्दछ।

(ज) **"प्रशोधन"** भन्नाले कृषि उपजहरुको उत्पादनोपरान्त क्षति न्यूनीकरण गर्न धुने, पखाल्ने, स्तरीकरण गर्ने, छाट्ने, प्रिकुलीङ गर्ने, भौतिक, जैविक तथा रासयनिक प्रदुषण हटाउने, आधारभूत कच्चा पदार्थ तयार गर्ने, डिग्रिनिंग गर्ने, फल पकाउने, रोगकिरा नष्ट गर्ने, तातो वा चिसो उपचार गर्ने, ग्रेडिंग गर्ने, सुकाउने, प्रशोधन गर्ने (जुस, वाईन आदि), प्याक गर्ने, गुणस्तर परीक्षण गर्ने, लेबल लगाउने, बार कोड टाँस्ने इत्यादी क्रियाकलापलाई सम्झनु पर्छ।

(झ) **"मूल्य श्रृंखला कर्ता"** भन्नाले वस्तु तथा सेवाको परिकल्पना देखि उत्पादन हुँदै अन्तिम उपभोक्तासम्मका क्रियाकलापमा प्रत्यक्ष रुपमा संलग्न हुने कृषक, उद्यमी, कृषक समुह, कृषि सहकारी र व्यवसायीहरु भन्ने बुझ्नु पर्दछ ।

(ञ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनुपर्छ।

(ट) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(ठ) **"प्रस्तावक"** भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना मुताबिक कार्यक्रममा सहभागी हुन प्रस्ताव पेस गर्ने कृषक समूह/कृषि सहकारी/निजी फार्म/उद्यमी/कम्पनी, जल उपभोक्ता/वन उपभोक्ता/कृषि बजार समितिलाई सम्झनुपर्छ।

(ड) **"प्राङ्गारिक मल"** भन्नाले प्राणी वा वनस्पतिजन्य वा दुबै प्रकारका सामग्रीलाई पूर्ण रुपमा विघटन गरी बाली बिरुवाको पोषणको लागि आवश्यक पोषकतत्व उपलब्ध गराउने उद्देश्यले रासायनिक स्रोतबाट प्रस सिन्थेटिक रसायन नमिसाई धुलो वा दानादार स्वरुपमा तयार गरिएको कार्बनयुक्त पदार्थ सम्झनुपर्छ।

(ढ) **"जीवाणु मल"** भन्नाले बाली विरुवामा पोषक तत्व उपलब्ध गराउने वा पोषक तत्व उपलब्ध गराउन सहयोग पुर्याउने शुक्ष्म जीवणुहरुको निर्दिष्ट संख्यामा जिवित तर सुषुप्त अवस्था लाई विभिन्न किसिमका झोल वा धुलो माध्यममा मिसाई तयार गरिएको पदार्थ सम्झनु पर्छ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

(ण) **"दोहोरो अनुदान"** भन्नाले एकै आर्थिक वर्षमा एउटै क्रियाकलापको लागि संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न निकायबाट एउटै लाभग्राहीले लिने अनुदान सम्झनुपर्छ। तर यसबाट समूह वा सहकारीमा आवद्ध कृषकमध्ये अनुदान सहयोग प्राप्त गरिसकेको कृषक बाहेक सोही समूह वा सहकारीका अन्य कृषकले सोही क्रियाकलापका लागि अनुदान कार्यक्रममा सहभागी हुन बाधा पर्ने छैन।

(त) **"प्रोत्साहन अनुदान रकम दुरुपयोग"** भन्नाले सरकारले प्रदान गरेको प्रोत्साहन अनुदान रकमबाट निर्मित कृषि पूर्वाधार संरचना, खरिद गरिएका यन्त्र उपकरण तथा उत्पादन सामग्रीलाई कार्यक्रमको मर्म, उद्देश्य र सम्झौतामा तोकिएको शर्त तथा प्रतिबद्धता विपरीत प्रयोग वा सञ्चालन गर्ने कार्यलाई जनाउँछ। साथै, दोहोरो अनुदान सुविधा लिने, सम्झौता बमोजिम तोकिएको न्यूनतम अवधिसम्म व्यवसाय निरन्तर सञ्चालन नगर्ने, वा पूर्ण वा आंशिक रुपमा व्यवसाय, संरचना तथा सामग्री बिक्री गर्ने जस्ता कार्यहरु समेत यसै दुरुपयोग अन्तर्गत पर्न आउनेछन्।

(थ) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(द) **"लक्षित वर्ग"** भन्नाले कुमाल, चेपाङ, वनकरिया, हायु लगायतका अल्पसङ्ख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, सहिद परिवार, जेष्ठ नागरिक तथा अन्य पिछडिएका समुदायका कृषकहरु तथा आर्थिक रुपले विपन्न व्यक्ति वा समुदायलाई सम्झनुपर्छ।

(ध) **"लाभग्राही"** भन्नाले निर्देशनालय वा कार्यालयबाट सञ्चालन भएको कार्यक्रम अन्तर्गत सम्झौता गरी काम सम्पन्न गरेपछि भुक्तानी प्राप्त गर्ने साझेदारलाई सम्झनुपर्छ।

(न) **"सहजकर्ता"** भन्नाले फलफूल बगैंचा सुदृढीकरण वा कृषक पाठशाला सञ्चालन कार्यमा कार्यालयलाई सहजीकरण गर्ने कृषि प्राविधिक वा सो विषयमा अनुभव प्राप्त व्यक्ति भन्ने सम्झनुपर्छ।

(न) **"साझेदार"** भन्नाले सम्बन्धित निर्देशनालय वा कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको लागि छनोटमा परी सम्झौता गरेका प्रस्तावक सम्झनुपर्छ।

(प) **"स्थानीय तह"** भन्नाले प्रदेशभित्र रहेका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ।

परिच्छेद- २

कार्यक्रम सञ्चालन प्रक्रिया

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

भैरहवा, नेपाल

३. <u>प्रस्ताव आह्वानः</u> (१) निर्देशनालय/कार्यालय/केन्द्रले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकहरुलाई लक्षित गरी प्रस्ताव पेस गर्न २१ (एक्काइस) दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नेछ। साथै, निर्देशनालय/कार्यालय/केन्द्रले सम्बन्धित स्थानीय तहहरुमा पनि सूचना पत्राचार गर्नुपर्नेछ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा निर्देशनालय/कार्यालय/केन्द्रले ७ (सात) दिनको समयसीमा राखी १ (एक) पटकको लागि प्रस्ताव आह्वानको पुनः सूचना प्रकाशन गर्न सक्नेछ।

४. <u>प्रस्ताव दर्ताः</u> कार्यक्रममा सहभागी हुन सम्बन्धित कार्यक्रमको मापदण्ड वा शर्तहरु पुरा गरेका इच्छुक प्रस्तावकले दफा ३ मा उल्लिखित समयसीमा भित्र अनुसूची-३ बमोजिमको प्रस्ताव-पत्र, अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र, अनुसूची-५ बमोजिमको कार्यक्रम सञ्चालन हुने स्थानको नक्सा लगायत अनुसूची-१ मा उल्लिखित र अन्य आवश्यक कागजात सहित अनुसूची-२ को ढाँचामा आवेदन निर्देशनालय/कार्यालय/केन्द्रमा वा निर्देशनालयले तोकेको कार्यालयमा दर्ता गर्नुपर्नेछ।

५. <u>प्रारम्भिक सूची तयार गर्नेः</u> (१) निर्देशनालय/कार्यालय/केन्द्रले दर्ता भएका प्रस्तावहरुको सूचनामा माग भएका संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु सबै समावेश भए/नभएको र भर्नु पर्ने विवरणहरु फारममा सबै भरिएको/नभरिएको चेकलिष्ट अनुसार रुजु गरी प्रारम्भिक सूची तयार गर्नेछ। रीत नपुगेका प्रस्तावहरुलाई कार्यालयले मूल्याङ्कन प्रक्रियामा समावेश गराउने छैन।

(२) तयार भएको प्रारम्भिक सूची र सम्पूर्ण कागजातहरु निर्देशनालय/कार्यालय/केन्द्रले मूल्याङ्कन समितिलाई मूल्याङ्कनको लागि उपलब्ध गराउनेछ।

६. <u>मूल्याङ्कन समितिः</u> (१) प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारिस गर्न निर्देशनालय/कार्यालय/केन्द्रमा एक मूल्याङ्कन समिति रहनेछ।

निर्देशक/प्रमुख वा निजले तोकेको वरिष्ठतम् अधिकृत, निर्देशनालय/कार्यालय/केन्द्र -संयोजक
अधिकृत/प्राविधिक, योजना हेर्ने शाखा, निर्देशनालय/कार्यालय/केन्द्र -सदस्य
प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय/कार्यालय/केन्द्र -सदस्य
प्रमुख, खरिद एकाइ, निर्देशनालय/कार्यालय/केन्द्र -सदस्य
कार्यक्रम हर्ने अधिकृत/प्राविधिक, निर्देशनालय/कार्यालय/केन्द्र -सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित विषयगत क्षेत्रका बढीमा ३ जना विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

सुधीर श्रेष्ठ

मा. रमा आले मगर
मन्त्री

७. स्थलगत प्रमाणीकरण तथा मूल्याङ्कनः (१) निर्देशनालय/कार्यालय/केन्द्रले तयार गरेको प्रारम्भिक सूची अनुसारका प्रस्तावहरु मूल्याङ्कन समितिले आवश्यक कागजात र विवरण रीतपूर्वक भए/नभएको यकिन गरी स्थलगत प्रमाणीकरणको लागि छनोट भएका प्रस्तावकको सूची निर्देशनालय/कार्यालय/केन्द्र समक्ष पेस गर्नेछ। निर्देशनालय/कार्यालय/केन्द्रले अनुसूची-६ को चेकलिस्ट बमोजिम प्राप्त सूचीका प्रस्तावकहरुको स्थलगत प्रमाणीकरण गर्नेछ।

(२) आवश्यक ठानेमा मूल्याङ्कन समितिले समेत स्थलगत प्रमाणीकरण गर्न गराउन सक्नेछ।

(३) मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव, संलग्न कागजात र स्थलगत प्रतिवेदनको आधारमा अनुसूची-७ बमोजिम मूल्याङ्कन गरी ५० (पचास) प्रतिशत भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकहरुको योग्यताक्रम सूची तयार गरी छनोटका लागि निर्देशनालय/कार्यालय/केन्द्र समक्ष सिफारिस गर्नेछ।

८. प्रस्ताव छनोटको जानकारी तथा स्वीकृतिः (१) योग्यताक्रम सूचीका प्रस्तावहरु बारे गुनासो पेस गर्न ७ (सात) दिनको समयसीमा राखी निर्देशनालय/कार्यालय/केन्द्रले आशयको सूचना प्रकाशन गर्नेछ।

(२) लिखित गुनासो पेस हुन आएमा उक्त गुनासो फछ्यौंट गरेर मात्र अन्तिम योग्यताक्रम सूची प्रकाशन गर्नुपर्नेछ।

(३) निर्देशनालय/कार्यालय/केन्द्रले अन्तिम योग्यताक्रम सूचीबाट योग्यताक्रमको आधारमा छनोट गरी प्रस्ताव स्वीकृत गर्नेछ।

(४) छनोट भएका प्रस्तावकहरुलाई छनोट भएको जानकारी दिन र अधिकतम १५ दिनभित्र सम्झौता गर्न वेबसाइट वा कार्यालयको आधिकारिक सामाजिक सञ्जालमार्फत सूचना प्रकाशन गरी आह्वान गर्नेछ।

(५) निर्देशनालय/कार्यालय/केन्द्रले सञ्चालन हुने कार्यक्रम/क्रियाकलाप अनुसारको प्राविधिक मापदण्ड निर्धारण गरी स्वीकृत गर्नेछ।

(६) निर्देशनालय/कार्यालय/केन्द्रले साझेदारलाई मापदण्ड अनुसार लागत अनुमान तयार गर्न स्वीकृत प्राविधिक मापदण्ड उपलब्ध गराउनु पर्नेछ।

९. कार्ययोजना स्वीकृतिः (१) सम्बन्धित कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको स्वीकृत प्राविधिक मापदण्डको आधारमा साझेदारले लागत अनुमान र कार्यान्वयन कार्ययोजना तयार गरी निर्देशनालय/कार्यालय/केन्द्र समक्ष पेस गर्नेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपंछी, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

(२) निर्देशनालय/कार्यालय/केन्द्रले उपदफा १ बमोजिम पेस भए अनुसार नै वा आवश्यक परिमार्जनसहित सम्झौतापूर्व नियमानुसार लागत अनुमान र कार्यान्वयन कार्ययोजना स्वीकृत गर्नेछ।

१०. <u>सम्झौता:</u> (१) छनोट भएका प्रस्तावकहरुसँग निर्देशनालय/कार्यालय/केन्द्रले अनुसूची-८ बमोजिम सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ।

(२) छनोट भएका प्रस्तावकहरु समय सीमाभित्र सम्झौता गर्न नआएमा वैकल्पिक योग्यताक्रम सूचीका प्रस्तावकलाई बढीमा ७ (सात) दिनको समयसीमा तोकी सम्झौताको लागि योग्यताक्रम अनुसार क्रमशः पत्राचार गरिनेछ।

(३) साझेदारले सम्झौता गर्नु अघि दोहोरो अनुदान सुविधा नलिएको स्वघोषणा-पत्र पेस गर्नुपर्नेछ।

परिच्छेद-३

<u>कृषि व्यवसाय प्रवर्धन कार्यक्रम सञ्चालन प्रक्रिया</u>

११. <u>बाली प्रवर्धन कार्यक्रम:</u> (१) जिल्लागत प्राथमिकता बाली/वस्तुको क्लष्टरमा आधारीत व्यावसायीकरण र आधुनिकीकरणमार्फत स्थानीय माग पूर्ति, आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गरी कृषकको आयस्तर सुधार गर्ने उद्देश्य लिई यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, निजी कृषि फार्म/कृषि कम्पनीहरुले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरु:

(क) खाद्यान्न, दलहन, तेलहन, रैथाने बाली, फलफूल, चिया, कफी, तरकारी बाली, मसला बाली, मौरी, च्याउ, रेशम लगायतका स्वीकृत कार्यक्रममा तोकिएका बाली प्रवर्धनका लागि देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिने छः

(अ) बिउ/बेर्ना/बिरुवा, मल, विषादी, सुक्ष्म खाद्यतत्व, हाते औजार उपकरण लगायतका उत्पादन सामग्री सहयोग,

(आ) सिँचाइ संरचना निर्माण तथा मर्मत सम्भार एवं सिँचाइका लागि आवश्यक सामग्री खरिद,

(इ) तरकारी, च्याउ तथा पुष्प खेती/नर्सरी व्यवसायका लागि संरक्षित संरचना लगायतका पूर्वाधार निर्माण,

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
वागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

(ई) बाली/वस्तु उत्पादनमा आवश्यक यन्त्र उपकरण/नवीनतम प्रविधि अवलम्बन,

(उ) भण्डारण, प्रशोधन तथा बजारीकरणमा सहयोग,

(ऊ) सीप विकास तालिम तथा क्षमता अभिवृद्धि।

(ख) कार्यक्रम क्लष्टर देहाय बमोजिम निर्धारण हुनेछ;-

(अ) प्रस्तावकले प्रस्ताव पेस गर्दा अनुसूची-९ बमोजिम क्लष्टरको क्षेत्रफल वा सङ्ख्या पुगेको/पुग्ने आधार पेस गर्नुपर्नेछ। निजी फार्म/कम्पनीको हकमा बढीमा २ वटासम्म फार्महरु जोडेर क्लष्टर बनाउन सकिनेछ।

(आ) क्लष्टर छनोट गर्दा सम्भव भएसम्म एकै रोड कोरिडोर समेट्ने, एकै भेगको, नजिकको दुरीमा बजार भएको क्षेत्र छनोट गर्नुपर्नेछ।

(ग) खाद्यान्न, दलहन तथा तेलहन बाली:

(अ) खाद्यान्न, दलहन तथा तेलहन बालीको पकेट क्षेत्रलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(घ) तरकारी खेती:

(अ) संरक्षित संरचना निर्माण गरी उच्च मूल्य तरकारी उत्पादनका लागि आवश्यक जनशक्ति तथा प्राविधिक ज्ञान भएको कृषकलाई प्राथमिकता दिनुपर्नेछ।

(आ) संरक्षित संरचनाको न्यूनतम क्षेत्रफल १८० वर्गमिटर हुनुपर्नेछ। हाइटेक/नेचुरल्ली भेन्टिलेटेड ग्रिनहाउस, एग्रिनेटहाउस, जि.आइ/फलाम/बाँस प्रयोग गरी संरचना निर्माण गर्न सकिनेछ। संरक्षित संरचनाको न्यूनतम प्राविधिक मापदण्ड अनुसूची-१० बमोजिम हुनेछ।

(ङ) फलफूल खेती: फलफूल बिरुवा सम्भव भएसम्म सम्बन्धित कार्यालयको सिफारिसमा सरकारी फार्म केन्द्रबाट खरिद गर्नुपर्नेछ।

(अ) किवी फलका लागि कंक्रिट थाँक्रा निर्माण गर्दा रड (८ मि.मि. को कम्तीमा ४ वटा), सिमेन्ट, बालुवा र एग्रिगेट्सको अनुपात (१:१.५:३), उचाइ (कम्तीमा ८ फिट) र चौडाइ (४ इन्च), होरिजेन्टल बारको व्यास कम्तीमा १.५ इन्च र लम्बाई १ मि. र जि.आइ. तारको मोटाइ (कम्तीमा १० SWG) हुनुपर्नेछ।

(आ) किवी फलमा एम.एस. वा जि.आइ. को टि बारको थाँक्रा निर्माण गर्दा उचाइ (कम्तीमा ८ फिट), २ मि.मि. मोटाइ भएको ४०

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

मि.मि. को पाइप र जि.आइ. तारको मोटाइ (कम्तीमा १० SWG) हुनुपर्नेछ।

(इ) किवी खेतीमा हेलनेटको प्रयोग गर्दा ६५ GSM भन्दा माथिको प्रयोग गर्नुपर्नेछ।

(ई) ड्रागन फ्रुटका लागि कंक्रिट थाँक्रा निर्माण गर्दा रड (८ मि.मि. को कम्तीमा ४ वटा), सिमेन्ट, बालुवा र एग्रिगेट्सको अनुपात (१:१.५:३), उचाइ (कम्तीमा ७ फिट) र चौडाइ (४ इन्च) हुनुपर्नेछ।

(च) चिया/कफी:

(अ) प्रदेशभित्र प्राविधिक रुपमा उपयुक्त क्षेत्रलाई प्राथमिकता दिई चिया/कफी खेती कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(आ) कफी खेतीको हकमा प्राङ्गारिक कफी खेतीलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(इ) कफी खेती गर्दा बिरुवा रोप्नु पूर्व नै छहारी व्यवस्थापनलाई प्राथमिकता दिनुपर्नेछ।

(छ) च्याउ खेती:

(अ) कन्ये, गोब्रे र सिताके लगायत अन्य जातका च्याउको खेती गर्न सकिनेछ।

(आ) सिताके च्याउ खेती समुद्र सतहदेखि ८०० मिटर भन्दा माथिको क्षेत्रमा गर्नुपर्नेछ। साथै, काठको मुडाको आकार न्यूनतम ४ इन्च व्यास भएको र ३ फिट लम्बाइ भएको हुनुपर्नेछ।

(ज) मौरी पालन:

(अ) सेराना मौरीपालनको लागि मौसम अनुसार पर्याप्त चरन क्षेत्र भएको स्थान हुनुपर्नेछ भने मेलिफेरा मौरीपालनको हकमा चरन पात्रो सहितको चरन व्यवस्थापन योजना हुनुपर्नेछ।

(आ) व्यावसायिक मौरीपालनका लागि मौरीपालन सम्बन्धी आधारभूत तालिम लिएको हुनुपर्नेछ।

(झ) रेशम खेती:

(अ) निजी फार्मको लागि ५ बाकस र कृषक समूह वा सहकारीको हकमा प्रति सदस्य कम्तीमा १ बाकस कीरापालन गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

८ सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(आ) रेशम खेतीका लागि किम्बु बगैंचाको स्थापना गरी सकेको तथा खेती सम्बन्धी आधारभूत तालिम लिएको हुनुपर्नेछ।

(इ) रेशम मूल्य श्रृंखलाका कोया उत्पादनदेखि धागो उत्पादनसम्मका मूल्य श्रृंखलाका सम्पूर्ण गतिविधिहरु एकीकृत रुपमा सञ्चालनका लागि प्राथमिकता दिनुपर्नेछ।

(ञ) अलैंची तथा मसलाबाली खेती:

(अ) प्रमाणित स्रोतबाट गुणस्तरीय बेर्ना प्रयोगलाई प्राथमिकता दिनुपर्नेछ।

(आ) अलैंची खेती गर्दा बिरुवा रोप्नु पूर्व नै छहारी व्यवस्थापनलाई प्राथमिकता दिनुपर्नेछ।

(ट) पुष्प खेती:

(अ) संरक्षित संरचना भित्र गरिने पुष्प खेती तथा प्राविधिक ज्ञान/अनुभव भएका कृषकलाई प्राथमिकता दिनुपर्नेछ।

(४) यस कार्यक्रम अन्तर्गत प्राथमिकता प्राप्त बालीका बिउ बिजनमा प्रोत्साहन दिँदा स्वदेशमा उत्पादित हालसालै सूचिकृत भएका उच्च उत्पादनशिल जातको बिउलाई प्राथमिकता दिनुपर्नेछ। रैथाने बालीको हकमा यो व्यवस्था लागु हुने छैन।

१२. <u>संरक्षित संरचनामा तरकारी, पुष्प तथा उच्च मूल्य बाली प्रवर्धन कार्यक्रम:</u> (१) तरकारी, पुष्प तथा उच्च मूल्य बालीको प्रतिकूल मौसममा उत्पादन, शत्रुजीवहरुबाट संरक्षण गरी विषादीको उपयोगमा कमी, मल तथा पानीको नियन्त्रित प्रयोग र अधिकतम् उपयोग गरी उत्पादन र उत्पादकत्व बढाउने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावक: यस कार्यक्रम अन्तर्गत संरक्षित संरचनाको अनुभव भएका कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी तथा निजी कृषि फार्म/कम्पनीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरु:

(क) यस कार्यक्रम अन्तर्गत जि.आइ. र प्लाष्टिक प्रयोग गरी प्रविधिसहितको नेचुरल्ली भेन्टिलेटेड/सेमी हाइटेक/हाइटेक ग्रिनहाउस, एग्रि नेटहाउस वा जि.आइ./फलाम/बाँस प्रयोग गरी प्लाष्टिक घर निर्माण गर्न सकिनेछ।

(ख) संरक्षित संरचनाको न्यूनतम क्षेत्रफल १८० वर्गमिटर र न्यूनतम प्राविधिक मापदण्ड अनुसूची-१० बमोजिम हुनेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

१३. <u>स्मार्ट एग्रिकल्चर प्रविधि अवलम्बन कार्यक्रमः</u> (१) कृषि र सूचना प्रविधिको क्षेत्रमा विकास भएका नवीनतम प्रविधि तथा अवधारणाहरु प्रयोग गरी कृषि क्षेत्रको आधुनिकीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत व्यवसायिक तरकारी उत्पादन कार्यमा संलग्न कृषक समूह, कृषि सहकारी र निजी कृषि फार्म/कम्पनीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) खुला जमिनको लागि न्यूनतम ३ रोपनी र संरक्षित संरचनाको हकमा न्यूनतम १८० वर्गमिटरको संरचनामा तरकारी खेती गर्नुपर्नेछ।

(ख) कुल लागत अनुमानको न्यूनतम २० प्रतिशत भार सूचना प्रविधि, अटोमेशन वा स्मार्ट प्रविधिसँग प्रत्यक्ष सम्बन्धित क्रियाकलाप हुनुपर्नेछ।

(ग) कार्यालयले साझेदारलाई देहायका क्रियाकलापहरु सञ्चालनका लागि प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(अ) स्मार्ट नर्सरीः स्वस्थ बेर्ना उत्पादनका लागि पोलिहाउस निर्माण गरी पोलिहाउस भित्र तापक्रम र आद्रता अनुकूल बनाउन उपकरण जडान, सिँचाइका लागि फगर लगायतका संरचना जडान,

(आ) संरक्षित संरचनामा तरकारी खेतीः अटोमेटेड हाइटेक ग्रिनहाउस निर्माण, भर्टिकल फार्मिङ, हाइड्रोपोनिक्स र एरोपोनिक्स प्रविधिको प्रयोग,

(इ) स्मार्ट सिँचाइः थोपा सिँचाइ, बुम सिँचाइ, स्पिङ्कलर सिँचाइ जस्ता माइक्रो इरिगेसन प्रविधि जडान, माटोको चिस्यान र मौसमको अवस्थाको आधारमा सेन्सर तथा नियन्त्रकको प्रयोग गरी स्वचालित प्रणाली जडान गरिएको।

(ई) स्मार्ट बाली संरक्षणः कीट नियन्त्रण प्रणाली जडान, कीट नियन्त्रणको लागि प्राकृतिक शिकारी वा जैविक कीटनाशकहरुको प्रयोग,

(उ) स्मार्ट बाली पोषणः खाद्यतत्वको उपयोगिता बढाई बाली उत्पादन बढाउन सेन्सरयुक्त अटोमेटेड फर्टिगेसन प्रणालीको जडान,

(ऊ) स्वचालित सेन्सरः बाली, माटो, सिंचाइ र मौसमको जानकारीका लागि जडान गरिएका कन्ट्रोलर, सेन्सर र स्वचालित प्रणाली प्रयोग गरी क्लाउड कम्प्युटिङ र विश्लेषणबाट बाली स्वास्थ्य निगरानी साथै उत्पादन क्षमताको मूल्याङ्कन,

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(ऋ) नविनतम प्रविधि, रोबोटिक्स एवं मेसिनरीः हवाई इमेजिङ, बाली स्वास्थ्य/रोग निगरानी लगायतको लागि ड्रोनको प्रयोग साथै ब्लक चेन जस्ता अन्य नविनतम प्रविधिहरुको अवलम्बन।

१४. <u>साना सिँचाइ कार्यक्रमः</u> (१) साना सिँचाइ संरचनाहरुको निर्माण तथा मर्मत सम्भार गरी खेतीयोग्य जमिनमा सिँचाइ सुविधाको व्यवस्थापन तथा विस्तार गरी कृषि उत्पादन एवं उत्पादकत्व वृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, निजी कृषि फार्म, जल उपभोक्ता समितिले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) यस कार्यक्रम अन्तर्गत बढीमा २५ हेक्टरसम्म सिँचाइ सुविधा पुग्ने कुलो निर्माण एवं मर्मत सम्भार, एच.डी.पी.ई. पाइप, स्यालो बोरिङ्ग, इनार निर्माण, पानी तान्ने पम्प, थोपा/स्प्रिङ्कलर सिँचाइ जस्ता सुक्ष्म सिँचाइ, प्लाष्टिक/सिमेन्ट पोखरी निर्माण आदि सञ्चालन गर्न सकिनेछ।

(ख) प्लाष्टिक पोखरी २५० GSM को प्लाष्टिक प्रयोग गरी न्यूनतम ३०,००० लिटर क्षमताको हुनुपर्नेछ,

(ग) सिँचाइ कुलोबाट न्यूनतम २० रोपनी क्षेत्रफलमा सिँचाई हुनुपर्नेछ,

(घ) सार्वजनिक स्थान वा श्रोत प्रयोग हुने गरी निर्माण हुने सिँचाई वा संरचनाको हकमा सो स्थलका कृषक समूह वा सहकारी प्रस्तावक हुनुपर्नेछ,

(ङ) स्यालो बोरिङका लागि न्यूनतम १ हेक्टर कमाण्ड क्षेत्र भएको हुनुपर्नेछ।

१५. <u>भकारो/गोठेमल सुधार कार्यक्रमः</u> (१) गोठेमलको उचित व्यवस्थापन र भकारो सुधारमार्फत उत्पादित गुणस्तरयुक्त प्राङ्गारिक मलको प्रयोगबाट माटोको उर्वराशक्ति र बाली उत्पादन वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत एउटै क्लष्टरमा व्यावसायिक रुपमा खेती गरिरहेका कृषक समूह वा कृषि कार्यमा संलग्न सहकारीले भकारो सुधारका लागि आवेदन दिन सक्नेछन।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) भकारो सुधार गर्न प्रति प्रस्तावक न्यूनतम १० जना इच्छुक सदस्य हुनुपर्नेछ।

(ख) प्रति भकारो कम्तीमा २ वटा पशु वस्तुसहित न्यूनतम ७ वर्गमिटरको गोठ हुनुपर्नेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(ग) कार्यालयले साझेदारलाई देहायका क्रियाकलापहरु सञ्चालनको लागि प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(अ) गोठको भुँई ढलान,

(आ) मुत्र सङ्कलन व्यवस्थापन (गटर, पाइप, जाली आदि),

(इ) भकारोको छानो/पर्खाल निर्माण/स्तरोन्नति,

(ई) मुत्र सङ्कलनका लागि कम्तीमा २०० लि. को कङ्क्रिट ट्याङ्की वा पोली ट्याङ्कीको निर्माण/सुधार।

१६. <u>कृषि उद्यमशीलता विकास/विकास सहयोग कार्यक्रमः</u> (१) प्रदेशको कृषि क्षेत्रमा साना तथा मझौला खालका कृषि उद्यमहरूको विकास र प्रवर्धनमार्फत रोजगारीका अवसर सिर्जना गर्ने, कृषि श्रमको उत्पादकत्व वृद्धि गर्ने र कृषि उद्यमशीलता विकास गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत निजी कृषि फार्म/कम्पनी, कृषक/कृषि उद्यमीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) यस कार्यक्रम अन्तर्गत तरकारी, फलफूल, पुष्प, च्याउ, मसला बाली, मौरीपालन, रैथाने बाली, प्राङ्गारिक कृषि लगायतका कृषि क्षेत्रको उद्यमशीलता प्रवर्धन गर्ने उत्पादन, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(ख) उत्पादनदेखि बजारीकरणसम्मका सहयोगी क्रियाकलापहरुलाई प्राथमिकता दिई उद्यमशीलता कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

१७. <u>कृषि ज्ञानरत्न प्रवर्धन कार्यक्रमः</u> (१) उच्च शिक्षा प्राप्त गरेका व्यक्तिले हासिल गरेको सैद्धान्तिक ज्ञान र अनुसन्धान अनुभवलाई व्यवहारमा लागु गरी कृषि क्षेत्रमा नवप्रवर्तन प्रवर्धन गर्न, शिक्षित युवा जनशक्तिलाई कृषि पेशामा अभिप्रेरीत गर्न र स्थानीय कृषकहरूलाई सशक्तीकरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत कम्तीमा स्नातक तह अध्ययन पुरा गरी कृषि पेशामा आबद्ध व्यक्तिको प्रत्यक्ष संलग्नतामा स्थापित निजी फार्म वा कम्पनीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रमको लागि आवेदन दिने आवेदक मध्येबाट माथिल्लो शैक्षिक योग्यता प्राप्त तथा कृषि विषय अध्ययन गरेको आवेदकलाई प्राथमिकता दिइनेछ।

(४) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः कार्यालयले साझेदारलाई देहाय अनुसारका क्रियाकलापहरु सञ्चालनका लागि प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः

१२

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

(क) फलफूल, तरकारी, रैथाने बाली, मसला बाली/नगदे बाली, प्राङ्गारिक कृषि, उत्पादन सामग्री, औजार/उपकरण, साना तथा आधुनिक सिँचाइ लगायत उत्पादनसँग सम्बन्धित क्रियाकलाप,

(ख) सङ्कलन, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित औजार/उपकरण/पूर्वाधार निर्माण।

१८. <u>मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम:</u> (१) कृषकलाई कृषि पेशामा आबद्ध गरी खाद्य सुरक्षा, जीविकोपार्जनमा सहजता तथा रोजगारीको अवसरलाई वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यविधिले तोकेको लक्षित वर्गले कार्यक्रममा आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) प्रस्तावकले उपदफा २ बमोजिम लक्षित वर्ग भएको बेहोरा खुल्ने स्थानीय तह/वडाको सिफारिस पत्र पेस गर्नुपर्नेछ।

(ख) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालनका लागि प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछः-

(अ) तरकारी, फलफूल, खाद्यान्न, तेलहन, दलहन. रैथाने बाली, मसला बाली, मौरीपालन, च्याउ, पुष्प, कन्दमुल लगायत कृषिजन्य बाली वस्तु खेतीका लागि आवश्यक प्रविधि र सामग्री,

(आ) कृषिजन्य बाली/वस्तुको प्रशोधन तथा बजारीकरण

(इ) औजार उपकरण खरिद।

१९. <u>रैथाने बाली प्रवर्धन कार्यक्रम:</u> (१) परम्परागत रूपमा खेती तथा संरक्षण गर्दै आएका स्थानीय कृषि बालीहरुको आत्मनिर्भता एंव उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी मूल्य श्रृखलामार्फत खाद्य तथा पोषण सुरक्षामा सहयोग पुऱ्याउन यस कार्यक्रम संचालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत रैथाने बाली उत्पादन, प्रवर्द्धन, संरक्षण, व्यवसायिकरण, परिकार विविधिकरण र बजारीकरणमा संलग्न कृषक समूह, कृषि सहकारी, निजी फार्म/व्यवसायी तथा सामुदायिक संस्था यस कार्यक्रममा सहभागी हुन पाउनेछन।

(३) यस कार्यक्रम अन्तर्गत बागमती प्रदेशमा उत्पादन हुने कोदो, कागुनो, चिनो, जौं, फापर, उवा, जुनेलो लगायतका बालीहरुलाई प्राथमिकतामा राखिनेछ। साथै, स्थान विशेषको सम्भाव्यता, उत्पादनको अवस्था तथा विद्यमान लोकप्रियताका आधारमा खाद्यान्न, तरकारी, फलफूल, मसलाबाली, तेलहन, जरेबाली, दलहन लगायतका बालीका रैथाने एंव स्थानीय जातहरुलाई समेत यस कार्यक्रममा समावेश गर्न सकिनेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(४) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु संचालन हुनेछन।

(क) उत्पादन सामग्री, यन्त्र, उपकरणमा सहयोग,

(ख) मूल्य अभिवृद्धि कार्यक्रम,

(ग) सहभागितामूलक अनुसन्धान/नवप्रवर्तन/जातिय परीक्षण कार्यक्रम,

(घ) प्रविधि प्रदर्शन,

(ङ) प्रशोधन, परिकार विविधिकरण तथा बजारीकरण सहयोग,

(च) उत्पादन, प्रशोधन, परिकार विविधिकरण तथा बजारीकरण सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धी तालिम/गोष्ठी।

(५) उपदफा ४ को खण्ड (ग) बमोजिमको क्रियाकलाप सरकारी अनुसन्धानमूलक निकायसँगको संलग्नता, समन्वय र समझदारीमा सञ्चालन गर्नुपर्नेछ।

२०. <u>कृषि उपजको मूल्य श्रृंखला विकास कार्यक्रमः</u> (१) कृषि उपजहरुको मूल्य श्रृंखलामा आवद्ध पक्षहरुको क्षमता विकास र ती पक्षहरुबीचको सम्बन्धलाई विकास गर्दै स्वदेशमा उत्पादित कृषि उपजहरुको मूल्य अभिवृद्धि गरी व्यवसायिक उत्पादन, प्रशोधन र बजारीकरणलाई दिगो रुपमा प्रभावकारी र प्रतिस्पर्धी बनाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, निजी कृषि फार्म/कृषि कम्पनीहरुले आवेदन दिन सक्नेछन्।

(३) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन हुनेछन।

(क) कृषि उपजहरुको उत्पादन, संकलन, प्रशोधन, भण्डारण तथा बजारीकरणसँग सम्बन्धित सामग्री र कृषि पूर्वाधार निर्माण,

(ख) मूल्य अभिवृद्धिसँग सम्बन्धित अन्य क्रियापकलापहरु (उत्पादन विविधिकरण, प्याकेजिङ, लेभलिङ, ब्राण्डीङ्ग आदि)।

२१. <u>कृषि वस्तुको उपभोग प्रवर्धनका लागि विद्यालय दिवा खाजा सहयोग कार्यक्रमः</u> (१) विद्यालयको दिवा खाजा कार्यक्रममार्फत स्थानीय कृषि उत्पादनको उपभोगलाई प्रवर्धन गर्दै विद्यार्थीको पोषण स्तर सुधार्ने, किसानको आम्दानी वृद्धि गर्ने र स्थानीय कृषि उत्पादनको बजारीकरणमा टेवा पुऱ्याउने उद्देश्यले यस कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) स्थानीय तहको समन्वयमा सामुदायिक विद्यालयहरुमा यस कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) स्थानीय स्तरमा उत्पादन भएका रैथाने कृषि उपज तथा पोषणयुक्त खाद्यवस्तुलाई प्राथमिकता दिनुपर्नेछ।

१४

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

२२. <u>औद्योगिक आलु खेतीमा प्रोत्साहन कार्यक्रमः</u> (१) आलुमा आधारित फ्रेन्च फ्राई तथा चिप्स लगायतका उद्योगहरुलाई स्वदेशमा उत्पादित कच्चा पदार्थ/आलुको उपलब्धता बढाई आलु खेतीको व्यावसायिकता प्रवर्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत आलु उत्पादन व्यवसायमा संलग्न कृषक समुह, कृषि सहकारी, निजी कृषि फार्महरुले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) फ्रेन्च फ्राई तथा चिप्स उद्योगका लागि प्रयोग हुने आलु खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ।

(अ) बिउ आलु, मल, विषादी, सुक्ष्म खाद्यतत्व, हाते औजार उपकरण लगायतका उत्पादन सामग्री सहयोग,

(आ) सिँचाइ संरचना निर्माण तथा मर्मत सम्भार एवं सिँचाइका लागि आवश्यक सामग्री खरिद,

(इ) बाली/वस्तु उत्पादनमा आवश्यक यन्त्र उपकरण/नवीनतम प्रविधि अवलम्बन,

(ई) बजारीकरणमा सहयोग,

(उ) सीप विकास तालिम तथा क्षमता अभिवृद्धि।

(ख) कार्यक्रम सञ्चालनका लागि अनुसूची-९ बमोजिमको क्लष्टरको क्षेत्रफल पुगेको हुनु पर्नेछ।

२३. <u>एक जिल्ला एक विशेष पकेट क्षेत्र कार्यक्रम (आ.व २०८२/८३ को निरन्तता):</u> (१) बागमती प्रदेशभित्रका जिल्लाहरूले आफ्नो पहिचान बनाउन सक्ने कुनै एक कृषि बाली वस्तुको उत्पादन, प्रशोधन तथा बजारीकरण प्रवर्धन गरी कृषि उत्पादनमा आत्मनिर्भर जिल्ला निर्माण गर्न टेवा पुर्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः (क) यस कार्यक्रम अन्तर्गत कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, निजी कृषि फार्म/कृषि कम्पनीहरुले आवेदन दिन सक्नेछन्।

(ख) यस कार्यक्रम अन्तर्गत गत आ.व. का साझेदारहरुलाई चालु आ.व. को कार्यक्रममा प्राथमिकता दिन सकिनेछ।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) गत आ.व. मा यस कार्यक्रम अन्तर्गत तोकिएको पकेट क्षेत्र तथा बालीमा यस कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ख) कार्यालयले साझेदारलाई देहाय अनुसारका क्रियाकलापहरु सञ्चालनका लागि प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(अ) कृषि उत्पादनमा सहयोग तथा उत्पादन सम्बद्ध पूर्वाधार निर्माण,

(आ) बिउ/बेर्ना/मल, विषादी, सुक्ष्म खाद्य तत्व, हाते औजार उपकरण, नर्सरी निर्माण लगायत उत्पादन सामग्री सहयोग,

१५

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(इ) उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणका लागि आवश्यक यन्त्र, उपकरण, मेसिनरी, पूर्वाधार निर्माण,

(ई) उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरण प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमता विकास।

२४. <u>कृषकस्तरमा नमुना फलफूल बगैंचा स्थापना कार्यक्रम</u> (१) कृषकको उपलब्ध जग्गाको अधिकतम सदुपयोग गर्दै फलफूल खेतीको विस्तार गर्ने, वातावरणीय तथा भू-उपयोग सुधारमा योगदान पुऱ्याउने, फलफूल उत्पादनमार्फत कृषकको आयआर्जनमा वृद्धि गर्ने तथा व्यावसायिक तथा नमुना फलफूल बगैंचा विकास गरी अन्य कृषकलाई फलफूल खेतीतर्फ आकर्षित गर्ने उद्देश्यले यस कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत फलफूल बगैंचा स्थापना गर्न इच्छुक कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, निजी कृषि फार्म/कृषि कम्पनीहरुले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) आवेदकले अनुसूची-९ बमोजिमको कलस्टरमा बगैंचा स्थापना गर्नु पर्नेछ, कार्यक्रम अन्तर्गत फलफूल बगैंचाको लागि बिरुवा खरिद तथा वितरण, बगैंचा रेखाङ्कन गर्ने, बिरुवा रोप्न खाडल खन्ने, छापो दिने, थाक्रा, सिँचाई आदि क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

परिच्छेद- ४

<u>प्राङ्गारिक/जिवाणु/जैविक मल प्रोत्साहन तथा अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया</u>

२५. <u>प्राङ्गारिक/जिवाणु/जैविक मल प्रोत्साहन तथा अनुदान कार्यक्रमः</u> (१) रासायनिक मलको प्रयोग न्यूनीकरण गरी माटोको भौतिक, रासायनिक र जैविक गुणमा सुधार गर्दै दीर्घकालीन रूपमा कृषियोग्य जमिनको उत्पादनशीलता वृद्धि गर्नका लागि प्राङ्गारिक/जिवाणु मलको उत्पादन र प्रयोगलाई बढाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत प्राङ्गारिक मल प्रयोग गर्न चाहने कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी र कृषि फार्म/कम्पनीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) एक प्राङ्गारिक मल प्रयोगकर्तालाई एक आर्थिक वर्षमा प्रति हेक्टर ५ मे.टन भन्दा बढी मलमा सहुलियत रकम उपलब्ध गराइने छैन र एक आर्थिक वर्षमा अधिकतम ५० मे.टन परिमाण सम्म सहुलियत उपलब्ध गराइने छ। निजी फर्मको हकमा न्यूनत्तम १ मे.टन तथा

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आल मगर
मन्त्री

बागमती प्रदेश सरकार
पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

समूह/सहकारीको हकमा न्यूनत्तम ३ मे.टन भन्दा कम परिमाणमा यस कार्यक्रम अन्तर्गत प्राङ्गारिक मल उपलब्ध गराइने छैन।

(ख) जैविक/जिवाणु मलको हकमा उपलब्ध गराइने परिमाणको सम्बन्धमा सम्बन्धित कार्यालयले निर्णय गर्न सक्नेछ।

(ग) कार्यक्रममा सहभागी हुन इच्छुक मल आपुर्तिकर्ता तथा प्रयोगकर्ताको लागि आवेदन दर्ता गर्ने सम्बन्धमा निर्देशनालयले राष्ट्रियस्तरको दैनिक पत्रिकामा २१ दिनको म्याद राखी आपूर्तीकर्ताको लागि अनुसूची-११ बमोजिमको र मल प्रयोगकर्ताको लागि अनुसूची-१२ बमोजिमको सूचना प्रकाशन गर्नेछ। प्रथम पटकको सूचना अनुसार प्राङ्गारिक/जीवाणु/जैविक मल आपूर्तिकर्ता/प्रयोगकर्ताबाट प्रस्ताव पेस नभएमा पुनः ७ दिनको म्याद दिई प्रस्ताव आव्हान गरिनेछ ।

(घ) सूचनामा उल्लिखित कागजातहरु सहित मल आपूर्तिकर्ताले निर्देशनालयमा र मल प्रयोगकर्ताले सम्बन्धित कार्यालयमा तोकिएको समयावधिभित्र आवेदन पेस गर्नु पर्नेछ ।

(ङ) नेपालमा उत्पादन भई तोकिएको मापदण्ड पुगेका प्राङ्गारिक मल तथा जिवाणु मल मात्र कार्यक्रममा समावेश गरिनेछ।

(च) प्राङ्गारिक/जीवाणु/जैविक मल आपूर्तिकर्ताले नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८ बमोजिम तोकिएको निकायमा सूचीकृत भएको हुनुपर्नेछ।

(छ) निर्देशनालयले छनोट भएका आपूर्तिकर्ताहरुको सूची र कार्यालयले प्राङ्गारिक मल खरिद गर्न चाहने छनोट भएका प्रस्तावकहरु र सहुलियत दरमा उपलब्ध गराउन सकिने प्राङ्गारिक/जीवाणु/जैविक मलको परिमाण सहितको सूची प्रकाशन गर्नुपर्नेछ।

(ज) कार्यालयबाट छनोट भएका आवेदक र मल परिमाणको आधारमा निर्देशनालयले विनियोजित बजेट बाँडफाँड गरी रकमान्तर मार्फत सम्बन्धित कार्यालयहरुमा पठाउनेछ।

(झ) दफा (६) बमोजिम गठित मूल्यांकन समितिबाट छनोट भएका प्रयोगकर्ताहरुसँग कार्यालयले सम्झौता गर्नुपर्नेछ। कार्यालयले आवश्यकता अनुसार निर्देशनालयमा सूचीकृत भएका मल आपुर्तिकर्तासँग समझदारी गर्न सक्नेछ। कार्यालयले आवश्यकता अनुसार प्राप्त भएको

१७
सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आल मगर
मन्त्री

प्राङ्गारिक/जीवाणु/जैविक मलको नमुना मान्यता प्राप्त प्रयोगशालामा परीक्षण गराउनसक्नेछ।

(ञ) छनौट भएका मल प्रयोगकर्ताहरुले निर्देशनालयमा सुचीकृत भएका उत्पादक/वितरकहरुबाट मात्र नियमानुसार प्राङ्गारिक/जीवाणु/जैविक मल खरिद गर्नुपर्नेछ।

(ट) वितरण गरिने प्राङ्गारिक मलको न्यूनतम मापदण्ड तथा गुणस्तर अनुसूची-१३(क) बमोजिम र जीवाणु/जैविक मलको न्यूनतम मापदण्ड तथा गुणस्तर अनुसूची-१३(ख) बमोजिम हुनेछ। साथै, प्रत्येक प्याकेजिङ्गमा मलको उत्पादन र प्रयोग गरी सक्नुपर्ने मिति, ब्याच नं., तौल तथा मलमा पाइने पोषण तत्वको मात्रा प्रष्ट रुपमा देखिने गरी उल्लेख भएको हुनुपर्नेछ।

(ठ) कार्यालयमा सूचीकृत भएका मल प्रयोगकर्ताहरुलाई मात्र कार्यालयको सिफारिसमा आपूर्तिकर्ताले प्राङ्गारिक मल उपलब्ध गराउनुपर्नेछ।

परिच्छेद- ५

कृषि प्रसार सेवा टेवा तथा प्रविधि विस्तार कार्यक्रम सञ्चालन प्रकृया

२६. <u>नविनतम/उन्नत प्रविधि परीक्षण तथा प्रदर्शन र प्रविधि विस्तार:</u> (१) उन्नत प्रविधि प्रदर्शनमार्फत नयाँ र पुराना प्रविधिको तुलनात्मक प्रभाव देखाई कृषकलाई उन्नत प्रविधितर्फ आकर्षित गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरु:

(क) यस कार्यक्रम अन्तर्गत अभिमुखीकरण, बिउ/बेर्ना/बिरुवा, मल, विषादी, सुक्ष्म खाद्यतत्व, यन्त्र उपकरण, नवीनतम प्रविधि अवलम्बनका लागि आवश्यक सामग्री तथा प्रविधि, प्राविधिक सहयोग, लगायत नतिजा, उत्पादन तथा तरिका प्रदर्शनसँग सम्बन्धित आवश्यक कार्यक्रम समेट्न सकिनेछ।

(ख) प्राविधिक/विज्ञहरुको स्थलगत अवलोकन तथा निरीक्षण र प्रविधि प्रदर्शनको नतिजा प्रचार प्रसार एवं प्रकाशनलाई समेत कार्यक्रममा समावेश गर्न सकिनेछ।

(ग) सम्बन्धित कार्यालयले नवीनतम प्रविधि अवलम्बन गर्न इच्छुक कृषक समूह/सहकारी/फार्म/कम्पनीको समन्वयमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(घ) कार्यक्रम सञ्चालनका लागि स्थानीय तह तथा वडा छनोट गर्दा कार्यालयले सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गर्नुपर्नेछ। यसरी

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

वडा छनोट गर्दा सकेसम्म एउटै आ.व.मा एउटै बालीका लागि एउटै वडामा बढीमा एउटा मात्र कार्यक्रम छनोट गर्नुपर्नेछ।

(ङ) प्राविधिक र कृषकको सहभागितामा प्रविधि परीक्षण सम्बन्धी कार्य सञ्चालन गर्न सकिनेछ।

(च) कार्यक्रम सञ्चालन गर्ने स्थल र सञ्चालित हुने क्रियाकलापको छनोट कार्यालयले आवश्यकता अनुसार गर्नेछ।

(छ) प्रदर्शन स्थलमा सूचनापाटी राखी कार्यक्रमको सम्पूर्ण विवरण उल्लेख गर्नुपर्नेछ।

(ज) नविनतम प्रविधि अवलम्बनका लागि प्रयोग भएका संरचना, सामग्री तथा प्रविधि, यन्त्र उपकरण सम्बन्धित कृषक, कृषक समूह, कृषि सहकारी वा कृषि फर्मलाई हस्तान्तरण गर्न सकिनेछ।

२७. <u>फलफूल बगैंचा सुदृढीकरण कार्यक्रमः</u> (१) पुराना र कम उत्पादनशील फलफूल बगैंचाहरुमा व्यवस्थापकीय सुधार गरी उत्पादन वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) स्थानीय तहसँगको समन्वयमा समस्याग्रस्त र उत्पादन ह्रास हुने क्रममा रहेका फलफूल बगैंचाहरु निश्चित क्लष्टरमा समेटिने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) समस्याग्रस्त बगैंचाको विवरण खुल्ने आवश्यक कागजात र स्थानीय तहको सिफारिस सहित कृषक/कृषक समूह/सहकारी/निजी फार्मले कार्यालयमा निवेदन दिन सक्नेछन्।

(ग) स्थलगत अनुगमनको आधारमा पहिचान भएका समस्या अनुसार प्राथमिकतामा परेका फलफूल बगैंचाहरुको माग र आवश्यकताका आधारमा कार्यालयले निश्चित क्लष्टर बनाई अभियानको रुपमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(घ) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(अ) बगैंचा व्यवस्थापन सम्बन्धी सीप विकास तालिम तथा क्षमता अभिवृद्धि,

(आ) फलफूल बगैंचा व्यवस्थापन प्रदर्शन,

(इ) मल, विषादी, निलोतुथो, कृषि चुन, सुक्ष्म खाद्यतत्व लगायतका सामग्रीमा सहयोग,

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, जल तथा वातावरण मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

(ई) सिकेचर, प्रुनिङ स, स्प्रेयर, फल टिपाई सम्बन्धी औजार उपकरण लगायतका यन्त्र औजारमा सहयोग,

(उ) रोग पहिचानका लागि प्रयोगशाला परीक्षण सेवा,

(ऊ) प्राविधिक सहयोग।

२८. <u>स्कुल हर्टिकल्चर कार्यक्रम</u> (१) विद्यालयस्तरमै विद्यार्थीहरूलाई फलफूल, तरकारी, फूलखेती लगायतका हर्टिकल्चर सम्बन्धी प्राविधिक ज्ञान तथा व्यावहारिक सिप प्रदान गरी कृषिप्रति आकर्षण र दिगो उत्पादन अभ्यास विकास गर्ने उद्देश्यले यस कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरु:

(क) कार्यालयले विद्यालयमा अध्ययनरत विद्यार्थीलाई लक्षित गरी हर्टिकल्चर सम्बन्धी प्राविधिक ज्ञान तथा सीप अभिवृद्धि गर्न सम्बन्धित विद्यालयसँग समन्वय गरी प्राविधिक प्रशिक्षण, जनचेतनामूलक कार्यक्रम तथा आधुनिक हर्टिकल्चर प्रविधिको प्रदर्शन लगायतका कार्यक्रम सञ्चालन गर्नेछ।

२९. <u>मेला महोत्सवमा सहयोग:</u> (१) नविनतम कृषि प्रविधि र कृषि उपजको प्रचार-प्रसार गर्न आयोजना हुने मेला महोत्सवमा सहयोग गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरु:

(क) कार्यालयले मेला महोत्सवमा कृषकहरुको सहभागिता, स्टल भाडा, कृषि उपज ढुवानीमा सहयोग र उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने लगायतका सहयोग गर्न सक्नेछ।

(ख) कार्यालयले कृषकहरुको अधिकतम सहभागिताको लागि प्रचार प्रसारमा सहयोग गर्नेछ।

३०. <u>कृषि सम्बन्धी दिवस कार्यक्रम:</u> (१) कृषि प्रविधि, सूचना तथा चेतनामूलक गतिविधिहरू मार्फत कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै कृषकलाई कृषि व्यवसायमा आकर्षित गर्ने उद्देश्यले कृषि सम्बन्धी दिवसहरू मनाइनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरु:

(क) कार्यालयले कृषि क्षेत्रमा महत्वपूर्ण मानिएका विश्व खाद्य दिवस, कृषि जैविक विविधता दिवस, राष्ट्रिय कोदो दिवस, विश्व माटो दिवस, राष्ट्रिय धान दिवस, विश्व वातावरण दिवस, मह दिवस, विषादी प्रयोगमुक्त सप्ताह लगायतका दिवसहरु सञ्चालन गर्न सक्नेछ।

(ख) दिवस मनाउनका लागि निम्नानुसारका क्रियाकलापहरु गर्न सकिनेछ:-

(अ) सचेतनामुलक सामग्री सहितको प्रभातफेरी,

२०

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

बागमती प्रदेश सरकार
पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

(आ) जनचेतनामूलक गोष्ठी/सेमिनार,

(इ) प्रतिस्पर्धात्मक प्रतियोगिता एवं पुरस्कृत गर्ने कार्यक्रम,

(ई) प्रविधि प्रसार एवं सहयोग कार्यक्रम,

(उ) प्रचार प्रसार सामग्रीको उत्पादन, प्रकाशन एवं वितरण,

(ऊ) माटो दिवसमा माटो परीक्षण, सामग्री वितरण तथा प्राविधिक सेवा टेवा।

३१. <u>कृषि तथ्याङ्क सङ्कलन, अद्यावधिक तथा व्यवस्थापन कार्यक्रमः</u> (१) विश्वसनीय कृषि तथ्याङ्क सङ्कलन, अद्यावधिक, विश्लेषण र प्रकाशन गरी कार्यक्रम अनुगमन मूल्याङ्कन, योजना तथा बजेट तर्जुमा र कृषि क्षेत्रको गुणात्मक तथा परिमाणात्मक विकासमा सहयोग गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) कार्यालयले नियमित रुपमा कृषि तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न योजना तथा तथ्याङ्क हेर्ने शाखालाई जिम्मेवारी तोक्नुपर्नेछ।

(ख) सङ्कलित कृषि तथ्याङ्कको प्रविष्टि, प्रशोधन एवं विश्लेषण गरी वार्षिक तथ्याङ्क पुस्तिका प्रकाशन गर्नुपर्नेछ।

(ग) कृषि तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न आवश्यकता अनुसार घरधुरी सर्वेक्षण, लक्षित समूह छलफल (FGD), मुख्य जानकार व्यक्तिहरुसँगको अन्तर्वार्ता (KII), स्थलगत अवलोकन जस्ता विधिहरु प्रयोग गर्न सकिनेछ। साथै, कृषि तथ्याङ्क सङ्कलनको लागि कार्यालयका प्राविधिक कर्मचारी र आवश्यकता अनुसार स्थानीय तहका कृषि प्राविधिकलाई समेत परिचालन गर्न सक्नेछ।

(घ) तथ्याङ्क प्रमाणीकरण कार्यशाला (Validation Workshop) मार्फत तथ्याङ्कहरुको प्रमाणीकरण तथा अनुमोदन गर्नुपर्नेछ।

(ङ) कृषि तथ्याङ्क सङ्कलन तथा अद्यावधिक सम्बन्धी देहायका कार्यक्रम/क्रियाकलापहरु समावेश गर्न सकिनेछ।

(अ) आधारभूत कृषि तथ्याङ्क सङ्कलन तथा अद्यावधिक,

(आ) कृषि बालीहरुको लाभ लागत अध्ययन,

(इ) बाली कटानी,

(ई) कृषि बजार पूर्वाधार तथा बजार मूल्यसूची।

३२. <u>बाली कटानी (क्रप कटिङ) कार्यक्रम</u> (१) उपयुक्त विधि अपनाई निश्चित स्थानको बाली कटानीबाट नमुना सङ्कलन गरी बालीको उत्पादन र उत्पादकत्व अनुमान गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिनेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरु:

(क) जिल्लामा बालीको सिंचित र असिंचित क्षेत्रफल, उन्नत तथा स्थानीय जातले ढाकेको क्षेत्रफल र उन्नत प्रविधि अवलम्बनको स्तरको आधारमा नमुना सङ्कलन गर्नुपर्नेछ।

(ख) न्यूनतम १० वर्ग मिटर (५ मिटर X २ मिटर) क्षेत्रफललाई आधार मानी नमुना सङ्कलन गर्नुपर्नेछ।

(ग) सङ्कलन गरिएको नमुनालाई १०-१५ दिन घाममा सुकाई तौल लिने वा उपकरण मार्फत चिस्यान आंकलन गर्नुपर्नेछ।

(घ) धान बाली १४ प्रतिशत, गहुँ र मकै बाली १२ प्रतिशत, दलहन र तेलहन बालीमा १० प्रतिशत चिस्यान कायम भए पश्चात मात्र उत्पादन आंकलन गर्नुपर्नेछ।

३३. <u>कृषक पाठशाला सञ्चालन कार्यक्रम</u> (१) सहभागितात्मक कृषक पाठशालामार्फत शत्रुजीव व्यवस्थापन, खाद्यतत्व व्यवस्थापन, उन्नत प्रविधि प्रयोग र व्यावहारिक सीप अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरु:

(क) स्रोत व्यक्ति तथा कृषक सहजकर्ता मार्फत खाद्यान्न, तरकारी, दलहन, आलु, मौरीपालन र मसला बालीमा स्थानीय तहसँगको समन्वयमा पाठशाला सञ्चालन गरिनेछ।

(ख) यस कार्यक्रमको लागि देहाय बमोजिमका आधारहरु लिई समूह गठन गर्नु पर्नेछ:-

(अ) खाद्य असुरक्षित, पिछडिएका, दलित, महिला, आदिवासी समुदायको सहभागीलाई प्राथमिकता दिनुपर्नेछ।

(आ) न्यूनतम ५०० वर्गमिटर जग्गा व्यवस्था गर्न सक्ने समूहलाई प्राथमिकता दिनुपर्नेछ।

(ग) देहायका विधि अनुसार कृषक पाठशाला सञ्चालन गर्नुपर्नेछ:-

(अ) कार्यालयले कृषक पाठशाला सञ्चालन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त सहजकर्ता छनोट/नियुक्ति गर्नेछ।

(आ) कृषक पाठशाला सम्बन्धी आधारभुत तालिम लिएको वा जानकारी भएको १ जना कृषक सहायक सहजकर्ता समेत परिचालन गर्न सकिनेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपंछी, वन तथा वातावरण मन्त्रालय
लुम्बिनी प्रदेश सरकार
दाङ, नेपाल

(इ) सहजकर्ताले कृषक समूहले तोकेको हप्ताको कुनै एक दिन पाठशाला सञ्चालन गर्नुपर्नेछ। सो पाठशाला चयन गरिएको बालीको सम्पूर्ण अवधिभर निरन्तर सञ्चालन हुनेछ। पाठशाला सञ्चालन गर्दा नेपाल सरकार वा प्रदेश सरकारबाट स्वीकृत निर्देशिका/म्यानुअलमा उल्लिखित कार्यतालिका अनुसार प्राविधिक विषयहरू समावेश गरिनुपर्नेछ। साथै, आवश्यक प्राविधिक सहयोगका लागि विज्ञलाई समेत सहभागी गराइनेछ।

(ई) बिउ उत्पादन कृषक पाठशालाको हकमा बाली उत्पादन पश्चात बिउ भण्डारण एवं पोष्ट हार्भेष्ट व्यवस्थापन सम्बन्धी अध्ययन परीक्षणहरु समेत गर्नुपर्नेछ।

(उ) बाली कटानी अगावै प्रविधि विस्तार गर्ने उद्देश्यका साथ अध्ययन स्थल भ्रमण, परीक्षण नतिजा प्रदर्शन, स्टल निरीक्षण आदि गराई कृषक दिवस समेत मनाउन सकिनेछ।

(घ) कृषक पाठशाला सञ्चालन गर्दा देहाय बमोजिमका क्रियाकलाप अन्तर्गत सञ्चालन गर्नुपर्नेछ।

क्र.सं.	क्रियाकलाप	एकाइ	परिमाण
क	तयारी गोष्ठी		
१	प्रथम तयारी गोष्ठीका लागि चिया खाजा	सङ्ख्या	३०
२	दोस्रो तयारी गोष्ठीका लागि चिया खाजा	सङ्ख्या	२५
३	तेस्रो तयारी गोष्ठीका लागि चिया खाजा	सङ्ख्या	२५
४	तयारी गोष्ठीका लागि स्टेशनरी सामग्री	एकमुष्ट	२५
५	प्रशिक्षण कार्यको लागि मसलन्द सामग्री (रजिष्टर, स्केल, मार्कर, पेन, पेन्सिल, टेप, ग्लु स्टिक, फाइल, आदि)	एकमुष्ट	१
६	गोष्ठी संयोजक भत्ता	जना	१
	जम्मा		
ख	कृषक पाठशाला सञ्चालन (१६ हप्ता)		
१	सहभागी तथा सहजकर्ताको लागि चिया खाजा	सङ्ख्या	४००
२	पाठशाला सञ्चालन सामग्री सहयोग (बिउ, बेर्ना, मल, ड्रम, सुरक्षित विषादी, सुक्ष्म खाद्य तत्व, हर्मोन, प्लाइ वोर्ड, मार्कर, कैची, फोटोकपी पेपर, मास्किंग टेप, ट्याग, ड्रिप सिंचाइ सेट लगायत कक्षा सञ्चालनको लागि आवश्यक सामग्री)	पटक	१

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

बागमती प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

क्र.सं.	क्रियाकलाप	एकाइ	परिमाण
३	विशेष कक्षा सञ्चालनका लागि प्रशिक्षण भत्ता (आन्तरिक एवं वाह्य प्रशिक्षक)	सङ्ख्या	४
४	पाठशाला सहजकर्ता (दुई जना स्रोत व्यक्ति) का लागि प्रशिक्षण पारिश्रमिक (१६ दिन)	सङ्ख्या	३२
५	संयोजक भत्ता (प्रत्येक हप्ता)	जवान	१६
६	सहयोगी भत्ता (प्रत्येक हप्ता)	जवान	१६
७	प्रतिवेदक पारिश्रमिक (एकमुष्ट)	सङ्ख्या	१
	जम्मा		
ग	कृषक दिवस सञ्चालन		
१	सहभागी, आमन्त्रित अतिथि तथा सहजकर्ताको लागि चिया खाजा	जवान	४५
२	विविध खर्च (प्रमाणपत्र, ब्यानर, सरसफाई, तुल आदि)	पटक	१
३	संयोजक भत्ता	सङ्ख्या	१

३४. <u>बाली उपचार शिविर सञ्चालन</u> (१) कृषकको बालीमा देखिएका रोग, किरा तथा अन्य समस्याको समयमै निदान, उपचार तथा प्राविधिक परामर्श सेवा उपलब्ध गराई बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरु:

(क) कार्यालयले आवश्यकताका आधारमा कार्यालय परिसर वा स्थलगत रुपमा बाली उपचार शिविर सञ्चालन गर्नेछ। स्थलगत रुपमा कार्यक्रम सञ्चालनका लागि सम्बन्धित स्थानीय तहको सिफारिस तथा समन्वयमा स्थल छनोट गर्न सक्नेछ।

(ख) नेपाल सरकार, कृषि क्षेत्र हेर्ने मन्त्रालयले स्वीकृत गरेको बाली उपचार शिविर कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम कार्यक्रम सञ्चालन हुनेछ।

३५. <u>प्रविधि अवलम्बन सम्बन्धी अवलोकन भ्रमण</u> (१) कार्यालयद्वारा सञ्चालित कार्यक्रमलाई टेवा पुग्ने गरी सम्बन्धित कृषक तथा प्राविधिक सहितको सहभागिता हुने गरी कार्यक्रम सञ्चालन हुनेछ। साथै, कार्यालयले अवलोकन पश्चात भ्रमण सम्बन्धी प्रतिवेदन आफ्नो माथिल्लो निकायमा एक प्रति पेस गर्नुपर्नेछ।

३६. <u>कृषि जन्य बालीको समस्या निदान तथा व्यवस्थापन/आकस्मिक बाली संरक्षण सेवा</u> (१) कार्यक्षेत्र भित्र कृषि जन्य बालीनालीमा आकस्मिक रुपमा देखिने रोग, किरा तथा अन्य

२४

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

बागमती प्रदेश सरकार
भूमिगत, खानी तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

समस्याहरुबारेमा आवश्यकता अनुसार सम्बन्धित विज्ञहरुको सहयोगमा निदान र व्यवस्थापन गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालनका लागि निम्नानुसारका क्रियाकलाप सञ्चालन गरिनेछः

(क) प्राविधिक तथा विज्ञहरुको स्थलगत भ्रमण,

(ख) सर्भे सर्भिलेन्स,

(ग) नमुना संकलन तथा प्रयोगशाला मार्फत समस्या पहिचान,

(घ) समस्या व्यवस्थापनका लागि प्रविधि तथा सामग्री सहयोग।

३७. <u>प्राविधिक अध्ययन, अनुसन्धान तथा परीक्षण कार्यक्रमः</u> (१) प्रदेशको कृषि क्षेत्रमा सम्भाव्य नयाँ, उन्नत, नवीनतम तथा प्रयोगात्मक प्रविधिहरूको अध्ययन, अनुसन्धान, परीक्षण गरी कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व, गुणस्तर तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रमको प्राविधिक पक्ष र सञ्चालन प्रक्रियाः

(क) निर्देशनालय/कार्यालय/केन्द्रहरुले स्व्यं एवं विश्वविद्यालय, अनुसन्धान निकाय, संघ, संस्थाको सहभागिता र सहकार्यमा कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(ख) कार्यक्रम सञ्चालन गर्नु अघि आवश्यकतामा आधारित प्राविधिक प्रस्ताव तयार गरी कार्यक्रमको उद्देश्य, औचित्य, कार्यक्षेत्र, विधि, परीक्षण विधि, अपेक्षित उपलब्धि, समयसीमा तथा अनुगमन सूचक निर्धारण गर्नुपर्नेछ।

(ग) परीक्षण तथा अनुसन्धानका क्रियाकलाप सञ्चालन गर्दा वैज्ञानिक विधि, उपयुक्त परीक्षण डिजाइन, तथ्याङ्क सङ्कलन, विश्लेषण तथा नतिजा प्रमाणीकरणका स्वीकृत प्राविधिक मापदण्ड अवलम्बन गर्नुपर्नेछ।

(घ) प्राप्त नतिजा तथा सिकाइको अभिलेख राखी प्राविधिक प्रतिवेदन तयार गर्नुपर्नेछ र उपयुक्त देखिएका प्रविधिको प्रकाशन एवं कृषकस्तरमा प्रचार, प्रसार तथा विस्तार गर्न सकिनेछ।

३८. <u>बाली उपचार तथा माटो जाँच सेवाका लागि सामान्य प्रयोगशाला स्थापना तथा सेवा प्रवाहः</u>

(१) कार्यालयले माटो परीक्षण तथा बालीजन्य समस्या बारे परीक्षण तथा अध्ययन गरी कृषकलाई समस्या व्यवस्थापन गर्न सहयोग हुने उद्देश्यका साथ यस कार्यक्रम सञ्चालन गर्नेछ।

(२) कार्यक्रम सञ्चालनका लागि निम्नानुसारका क्रियाकलाप सञ्चालन गरिनेछः

(क) कार्यालयमा सामान्य प्रयोगशाला स्थापनाका लागि आवश्यक व्यवस्थापकीय कार्य (आवश्यक यन्त्र उपकरण, रसायन, फर्निचर खरिद लगायत अन्य कार्य),

(ख) संकलित नुमनाको निःशुल्क परीक्षण,

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, वागमती प्रदेश सरकार
पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

(ग) समस्या पहिचान र व्यवस्थापनमा प्राविधिक सहयोग।

परिच्छेद- ६

मौरीपालन प्रविधि विकास कार्यक्रम

३९. गुणस्तरीय रानु मौरी उत्पादन तथा वितरण कार्यक्रमः (१) रोग प्रतिरोधी तथा गुणस्तरीय रानु मौरी उत्पादन गरी मौरीपालक कृषकलाई वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः-

(क) मौरीपालन विकास केन्द्र तथा व्यावसायिक किट विकास केन्द्रबाट कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) अभिलेखमा आधारीत मूल्याङ्कन अनुसार सरकारी केन्द्र तथा फार्ममा रहेका गोलाहरूमध्ये उत्कृष्ट ठहरिएका गोलाहरू तथा नेपाल भित्रका प्रमुख मौरी खर्कहरूबाट गुणस्तरीय, मजबुत र उत्पादनशील गोलाहरू छनोट गरी खरिद गरिनेछ।

(ग) छनोट भएका गोलाहरुलाई आमा गोला र भाले गोलाको रुपमा विकास गरी गुणस्तरीय रानु मौरीको उत्पादन गरिनेछ।

(घ) सरकारी केन्द्र वा फार्मले गुणस्तरीय रानु मौरीको उत्पादन स्वयं गर्नेछ। साथै, केन्द्र वा फार्मसँग भएको सम्झौतामा तोकिएका शर्तहरू, समन्वय र सहकार्यका आधारमा रानु उत्पादक (२१ दिने रानु उत्पादन सम्बन्धी तालिम प्राप्त) कृषकहरूले समेत रानु मौरी उत्पादन कार्य सञ्चालन गर्न सक्नेछन्।

(ङ) रानु उत्पादन गरी केन्द्र/फार्मलाई उपलब्ध गराउनको लागि रानु उत्पादकसँग मेलिफेरा मौरी न्यूनतम १०० घार र सेरेना मौरीको हकमा न्यूनतम ४० घार गोला हुनुपर्नेछ।

(च) केन्द्र तथा फार्मले रानु उत्पादकहरुलाई रानु उत्पादन वापतको प्रोत्साहन रकम उपलब्ध गराउने छ।

(छ) केन्द्र तथा फार्मले गुणस्तरीय रानु उत्पादनमा कृत्रिम गर्भाधान प्रविधि (Artificial Insemination) र ग्राफ्टिङ्ग प्रविधि अवलम्बन गरी मौरीमा नश्ल सुधार कार्यक्रम सञ्चालन गर्नेछ।

(ज) केन्द्र तथा फार्मले कृत्रिम गर्भाधान प्रविधि सञ्चालनको लागि प्रयोगशालामा आवश्यक पर्ने सामग्री तथा उपकरणहरु खरिद गर्न सक्नेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(झ) कृत्रिम गर्भाधान प्राविधिबाट उत्पादन भएको रानु मौरी अध्ययन अनुसन्धानको लागि प्रयोग गरिनेछ र प्रशस्त उत्पादन भएमा मौरीपालक कृषकलाई समेत वितरण गरिनेछ।

४०. <u>माइट तथा ई.एफ.वि. रोग व्यवस्थापन कार्यक्रमः</u> (१) मौरीपालन व्यवसाय क्रमशः व्यावसायिकतामा विकसित हुँदै गएको अवस्थामा अनुपयुक्त मौसम, कमजोर गोला व्यवस्थापनका कारण माइट र जीवाणुबाट मौरीको लार्भामा देखापर्ने विभिन्न रोग तथा किराका समस्या बढेका छन्। यी रोग तथा कीराको नियन्त्रण तथा रोकथाम गरी मह उत्पादनमा वृद्धि ल्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) केन्द्र तथा फार्महरुबाट यो कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) स्थानीय तहको समन्वयमा माइट तथा ई.एफ.वि.को समस्या देखिएका मौरीपालन हुने क्षेत्र वा रासायनिक विषादीको अत्यधिक प्रयोग भएको चरण क्षेत्रलाई सम्बोधन गर्ने गरी एक दिने माइट तथा ई.एफ.वि. रोग व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

(ग) कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थानको बारेमा मौरीपालकहरुलाई उपयुक्त माध्यमबाट समयमा नै जानकारी दिनुपर्नेछ।

(घ) कार्यक्रम सञ्चालनका लागि कम्तीमा १५ जना मौरीपालक कृषक हुनुपर्नेछ।

(ङ) कार्यक्रम आयोजना स्थलको मौरी गोलाबाट संक्रमित नमुना ल्याई प्रयोगशालामा परीक्षण समेत गरिनेछ।

४१. <u>चिउरी तथा चरन बिरुवा उत्पादन तथा वितरण कार्यक्रमः</u> (१) पर्याप्त र विविध वनस्पति भएको चरन क्षेत्रले कृषि उत्पादनमा वृद्धि गर्नुका साथै जैविक विविधता संरक्षणमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने भएकोले मह उत्पादनमा वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रमको प्राविधिक पक्ष र सञ्चालन प्रक्रियाः

(क) केन्द्र तथा फार्महरुबाट कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) चिउरीको अगौटे जातको बाहुल्यता भएको चरन क्षेत्रमा पछौटे जात र पछौटे जातको बाहुल्यता भएको चरन क्षेत्रमा अगौटे जातको बिरुवा वितरण हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(ग) चेपाङ, राउटे जस्ता सीमान्तकृत वर्गका मौरीपालक कृषकहरुलाई चिउरी बिरुवा लगाउने कार्यमा सहयोग गरिनेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

भूमि, वागमती प्रदेश सरकार
पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

(घ) मौरी पकेट क्षेत्रका कृषक, समूह, सहकारी, सामुदायिक वन, डिभिजन/सव डिभिजन वन कार्यालय, उपभोक्ता समिति, स्थानीय तहलाई चिउरी बिरुवा उपलब्ध गराइनेछ।

(ङ) केन्द्र तथा फार्मले चरन बिरुवा अन्तर्गत चिउरी, आँप, लिची, बोटल ब्रस, मसला, चेरी लगायत अन्य बिरुवाहरु उत्पादन तथा खरिद गरी बिक्री वितरण गरिनेछ।

परिच्छेद ७

कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

४२. साझेदार रकम र भुक्तानी: (१) सम्झौतामा उल्लिखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही रकम उपलब्ध गराईनेछ।

(२) अनुसूची-१४ बमोजिम पूँजीगत प्रकृतिका निर्माण कार्यहरुको लागि कुल लागतको बढीमा ८० प्रतिशत तथा चालु प्रकृतिका उत्पादन सामग्री एवं मेशिनरी उपकरणहरूको हकमा बढीमा ५० प्रतिशतसम्म प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ।

(३) कार्यक्रम बजेटको २ (दुई) प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, डिजाइन तथा लागत अनुमान तयारी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणीकरण, अनुगमन खर्च, बैठक भत्ता, आदिमा खर्च गरिनेछ।

(४) सम्झौता बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्दा सामग्रीहरु प्रचलित खरिद ऐन/नियम बमोजिम निर्देशनालय/कार्यालयले खरिद गरी अनुदानित मूल्यमा साझेदारलाई उपलब्ध गराउन सक्नेछ। १ (एक) करोड सम्मको लागत अनुमान भएको पूँजीगत प्रकृतिका पूर्वाधार निर्माण कार्य साझेदार वा लाभग्राही संस्थामार्फत गराउन सकिनेछ। तर यसरी साझेदार वा लाभग्राही संस्था मार्फत निर्माण कार्य गराउँदा साझेदारले सो कार्य आफैंले नगरी अन्य कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन सक्ने छैन। निर्माण कार्यमा अन्य संस्थालाई संलग्न गराएको पाइएमा उक्त सम्झौता रद्द गरी साझेदार र निर्माण व्यवसायी दुबैलाई कालो सूचीमा राख्न प्रक्रिया अगाडि बढाईनेछ।

(५) दफा १० बमोजिमको सम्झौता अनुसार सम्बन्धित कार्यक्रम अन्तर्गत सञ्चालन गरिने तालिम, अभिमुखीकरण जस्ता गतिविधिहरु साझेदारसँगको आपसी समझदारीमा शतप्रतिशत अनुदानमा कार्यालयबाट सञ्चालन गरिनेछ।

२८

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

(६) साझेदारले बिल, भरपाई, सम्बन्धित प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन, कार्यसम्पन्न खुल्ने फोटो लगायत आवश्यक कागजात तोकिएको समयभित्रै निर्देशनालय/कार्यालय/केन्द्रमा भुक्तानीका लागि निवेदन पेस गर्नुपर्नेछ।

(७) भुक्तानीको लागि निवेदन प्राप्त भएपछि निर्देशनालय/कार्यालय/केन्द्रले सम्बन्धित विषय क्षेत्रका प्राविधिकबाट स्थलगत अनुगमन निरीक्षण गराउनेछ।

(८) उपदफा ६ बमोजिम साझेदारले निवेदनका साथ पेस गरेको कागजात र निर्देशनालय/कार्यालय/केन्द्रले खटाएको प्राविधिकले स्थलगत निरीक्षण गरी तयार गरेको प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा स्वीकृत प्राविधिक मापदण्ड पुरा गरी कार्यसम्पन्न भए/नभएको र रीतपूर्वक सम्पूर्ण कागजात संलग्न भए/नभएको एकिन गरी निर्देशनालय/कार्यालय/केन्द्रले साझेदारको बैङ्क खाता मार्फत भुक्तानी गर्नेछ।

(९) सम्झौता भएको मिति भन्दा पहिले नै सम्पन्न भएका कार्यका लागि प्रोत्साहन रकम उपलब्ध गराइने छैन।

४३. <u>कृषि व्यवसाय प्रवर्धन कार्यक्रम</u> (१) वार्षिक स्वीकृत कार्यक्रमको परिधिभित्र रही देहाय बमोजिमको कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन रकमको अधिकतम सीमा तोकिएको छ।

(क) बाली प्रवर्धन कार्यक्रमः

क्र.सं.	विवरण	एकाइ	प्रोत्साहन रकमको अधिकतम सीमा (रु.)
१	खाद्यान्न बाली	प्रति हेक्टर	१ लाख
२	तेलहन बाली	प्रति हेक्टर	१ लाख
३	दलहन बाली	प्रति हेक्टर	१ लाख
४	तरकारी बाली	प्रति हेक्टर	२ लाख
५	फलफूल बाली		
५.१	किवी	प्रति हेक्टर	५ लाख
५.२	स्ट्रबेरी	प्रति हेक्टर	४ लाख
५.३	ड्रागन फ्रुट	प्रति रोपनी	५० हजार
५.४	अन्य फलफूल	प्रति हेक्टर	२ लाख
६	अलैंची तथा मसला बाली	प्रति हेक्टर	१ लाख ५० हजार
७	आलु बाली	प्रति हेक्टर	१ लाख ५० हजार
८	चिया/कफी बाली	प्रति हेक्टर	३ लाख
९	मौरीपालन	प्रति घार (गोला व्यवस्थापन,	१० हजार

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

क्र.सं.	विवरण	एकाइ	प्रोत्साहन रकमको अधिकतम सीमा (रु.)
		प्रशोधन लगायत)	
१०	कन्ये च्याउ	१५०० के.जी. बिउ	५ लाख
११	गोब्रे च्याउ	२०० के.जी. बिउ	५ लाख
१२	मुडे/सिताके च्याउ	२००० मुडा	५ लाख
१३	संरक्षित संरचनामा तरकारी/उच्च मूल्य बाली/पुष्प खेती	-	लागत अनुमानको आधारमा प्रचलित नियमानुसार
१४	पुष्प खेती (खुल्ला)	प्रति हेक्टर	२ लाख

(ख) **स्मार्ट एग्रिकल्चर प्रविधि अवलम्बन कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रही प्रति साझेदार बढीमा रु. तीन लाखसम्म प्रोत्साहन रकम उपलब्ध गराईनेछ।

(ग) **साना सिँचाइ निर्माण कार्यक्रमः** कार्यक्रमबाट प्रति साझेदार बढीमा रु तीन लाख सम्म प्रोत्साहन उपलब्ध गराउन सकिनेछ।

(घ) **कृषि उद्यमशीलता विकास कार्यक्रमः** सम्झौतामा उल्लिखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही प्रति साझेदार अधिकतम रु. दुई लाख रुपैयाँसम्म उपलब्ध गराईनेछ।

(ङ) **कृषि ज्ञान रत्न प्रवर्धन कार्यक्रम :** सम्झौतामा उल्लिखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही प्रति साझेदार अधिकतम रु. दश लाखसम्म प्रोत्साहन रकम उपलब्ध गराईनेछ।

(च) **मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रमः** सम्झौतामा उल्लिखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही कार्यक्रमको कुल लागतको बढीमा ९० प्रतिशतका दरले प्रति साझेदार एक लाख रुपैयाँ नबढ्ने गरी प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

(क) **रैथाने बाली प्रवर्धन कार्यक्रमः** सम्झौतामा उल्लिखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधिभित्र रहि प्रति साझेदार कृषक समूह, कृषि सहकारी, सामुदायिक संस्थाको हकमा अधिकतम रु. बीस लाख (२० लाख) सम्म र निजी फार्म/व्यवसायीको हकमा अधिकतम रु. दश लाख (१० लाख) सम्म प्रोत्साहन रकम उपलब्ध गराईनेछ।

सुधीर आछ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

सहभागितामूलक अनुसन्धान/जातीय परीक्षण, प्रविधि प्रदर्शन, तालिम, गोष्ठी कार्यक्रम शतप्रतिशत अनुदानमा सञ्चालन गरिनेछ।

(छ) **कृषि उपजको मूल्य श्रृंखला विकास कार्यक्रमः** सम्झौतामा उल्लिखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधिभित्र रहि प्रति साझेदार अधिकतम रु. पच्चीस लाख (२५ लाख) सम्म प्रोत्साहन रकम उपलब्ध गराईनेछ।

(ज) **कृषि वस्तुको उपभोग प्रवर्धनका लागि विद्यालय दिवा खाजा सहयोग कार्यक्रमः** कार्यालयले लागत अनुमान तयार गरी प्रति विद्यार्थी सय रुपैँया नबढ्ने गरी दिवा खाजा सहयोग गर्नुपर्नेछ।

(झ) **औद्योगिक आलु खेतीमा प्रोत्साहन कार्यक्रमः** दफा ४३ (क) बमोजिम प्रोत्साहन उपलब्ध गराइनेछ।

(ञ) <u>एक जिल्ला एक विशेष पकेट क्षेत्र कार्यक्रम (आ.व २०८२/८३ को निरन्तता):</u> सम्झौतामा उल्लिखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधिभित्र रहि प्रति साझेदार फार्म/कम्पनीको हकमा अधिकतम रु. पाँच लाख (५ लाख) र समूह/सहकारीको हकमा अधिकतम रु. दश लाख (१० लाख) सम्म प्रोत्साहन रकम उपलब्ध गराईनेछ।

(ट) **कृषकस्तरमा नमुना फलफूल बगैँचा स्थापना कार्यक्रम**

यस कार्यक्रमअन्तर्गत आवेदकले पेस गरेको स्वीकृत प्रस्तावका आधारमा फलफूल बगैँचा स्थापना सम्बन्धी कार्यका लागि अधिकतम तीन लाख रुपैँयासम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(ठ) **प्राङ्गारिक/जिवाणु/जैविक मल प्रोत्साहन तथा अनुदान कार्यक्रमः**

(अ) प्राङ्गारिक मल (दानादार/धुलो) मलको हकमा प्रति केजी रु. १० वा बढीमा पचास प्रतिशत मध्ये जुन कम आउँछ सो बराबरको अनुदान मल प्रयोगकर्तालाई उपलब्ध गराइनेछ।

(आ) जिवाणु/जैविक मलको हकमा बढीमा पचास प्रतिशत वा प्रति केजी रु. १५० मध्ये जुन कम आउँछ सो बराबरको अनुदान मल प्रयोगकर्तालाई उपलब्ध गराइनेछ।

(इ) छनोट भएका मल प्रयोगकर्ताले भुक्तानीका लागि सुचीकृत भएका उत्पादक/वितरकहरु मार्फत तोकिएको परिमाणको प्राङ्गारिक/जिवाणु/जैविक मल खरिद गरेको बिल र सम्बन्धित

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

कार्यालयले तोकेका अन्य आवश्यक कागजात तथा प्रमाणहरु पेस गर्नुपर्नेछ।

(ई) कार्यालयले प्राप्त बिल भरपाईको चेकजाँच तथा स्थलगत अनुगमन गरी मल प्रयोग गरेको यकिन पश्चात् अनुदान रकम सम्बन्धित अनुदानग्राहिको बैंक खातामार्फत भुक्तानी गर्नेछ।

(उ) कार्यक्रम बजेटको दुई प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो मध्ये एक/एक प्रतिशत निर्देशनालय र सम्बन्धित कार्यलयबाट सूचना प्रकाशन, बैठक, अनुगमन, निरीक्षण, इन्धन आदि कार्यमा खर्च गर्न सकिनेछ।

४४. <u>कृषि प्रसार तथा प्रविधि विस्तार कार्यक्रमः</u> (१) कार्यालयबाट बजेटको परिधिभित्र रही लागत अनुमान र प्राविधिक मापदण्ड स्वीकृत गरी क्रियाकलापहरु सञ्चालन गरिनेछ।

(२) वार्षिक स्वीकृत कार्यक्रमको परिधिभित्र रही देहाय बमोजिमको कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन रकमको अधिकतम सीमा तोकिएको छ।

(ख) **नवीनतम प्रविधि परीक्षण, प्रर्दशन र प्रविधि हस्तान्तरणः** जातीय प्रदर्शनका लागि प्रति प्रदर्शन पचास हजार रुपैयाँ, नवीनतम प्रविधि प्रदर्शनका लागि एक लाख पचास हजार रुपैयाँ र प्रविधि परीक्षणका लागि पचास हजार रुपैयाँमा नबढ्ने गरी कार्यालय मार्फत शतप्रतिशत अनुदानमा सञ्चालन गरिनेछ।

(ग) **फलफूल बगैंचा सुदृढीकरण कार्यक्रमः** कार्यक्रम सञ्चालनका लागि आवश्यक सामग्रीहरु प्रचलित कानुन बमोजिम कार्यालयले खरिद गरी शतप्रतिशत अनुदानमा उपलब्ध गराउनेछ। साथै, कार्यालयले बगैंचा सुदृढीकरण अभियान सञ्चालन हुने अवधिका लागि मात्र सहजकर्ता नियुक्त गर्न सक्नेछ।

(घ) **कृषि तथ्याङ्क सङ्कलन, अद्यावधिक तथा व्यवस्थापनः**

(अ) प्रश्नावली/फाराम तयारी, छपाई, तथ्याङ्क सङ्कलन अद्यावधिक, सर्वेक्षणमा प्राविधिक भत्ता, व्यवस्थापकीय खर्च तथा तथ्याङ्क प्रविष्टि प्रशोधनमा खर्च गर्न सकिनेछ।

(आ) घरधुरी सर्वेक्षण गर्दा प्रश्नावली भरेको प्रति प्रश्नावली रु. ५०।- र तथ्याङ्क प्रविष्टिका लागि प्रति प्रश्नावली रु. २०।- उपलब्ध गराउन सकिनेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(इ) कृषकले खेती गरेको बालीमा हुने क्षतिको लागि क्षतिपूर्तिबापत प्रति कटानी बढीमा एक हजार रुपैयाँ रकम उपलब्ध गराउन सकिनेछ।

(ङ) **कृषक पाठशाला सञ्चालन कार्यक्रमः**

कार्यालयले छनोट/नियुक्ति भएका सहजकर्तालाई कृषक पाठशाला सञ्चालनको लागि कार्यक्रम सञ्चालन पूर्व अधिकतम २० प्रतिशत रकम पेस्की स्वरुप उपलब्ध गराउन सकिनेछ र बाँकी रकम पाठशालाका सबै क्रियाकलापहरु सम्पन्न भएपश्चात आवश्यक बिल/बिजक, भरपाइ, फोटो तथा कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी गर्नेछ। प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ बमोजिम कार्यालयले लागत अनुमान तयारी गरी कार्यक्रम सञ्चालन गर्नेछ।

(अ) १६ कक्षा भन्दा कम कक्षा सञ्चालन गर्नुपर्ने बाली भएमा सहभागीका लागि चिया खाजा, प्रशिक्षण पारिश्रमिक भत्ता समानुपातिक दर बमोजिम खर्च गर्न सकिनेछ।

(आ) आलु कृषक पाठशालामा बिउ व्यवस्थापनका लागि रु. १०,०००।-, बिउ उत्पादन कृषक पाठशालामा पोष्ट हार्भेष्ट तथा बिउ भण्डारण व्यवस्थापनका लागि रु. २०,०००।- र मौरीपालन कृषक पाठशालामा घुम्टी, पञ्जा, हाइभटुल लगायतका सामग्रीका लागि रु. ३०,०००।- सम्म लागत अनुमानमा थप गर्न सकिनेछ।

(च) **स्कुल हर्टिकल्चर कार्यक्रमः** कार्यक्रमको स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही बागमती प्रदेश सरकारको प्रदेश सार्वजनिक खर्च मापदण्ड, २०७८ बमोजिम कार्यक्रम सञ्चालन हुनेछ।

(छ) **बाली उपचार शिविर सञ्चालनः** नेपाल सरकार, कृषि क्षेत्र हेर्ने मन्त्रालयले स्वीकृत गरेको बाली उपचार शिविर कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम कार्यक्रम सञ्चालन हुनेछ।

(ज) **कृषि जन्य बालीको समस्या निदान तथा व्यवस्थापन कार्यक्रम/आकस्मिक बाली संरक्षणः** कार्यक्रम सञ्चालनका लागि कार्यालयले शतःप्रतिशत अनुदानमा प्रचलित कानुन बमोजिम सामग्री खरिद गरी वितरण तथा अन्य आवश्यक प्राविधिक सेवामूलक कार्य निःशुल्क प्रदान गर्नेछ।

सुधीर श्रेष्ठ

मा. रमा आले मगर
मन्त्री

(झ) **प्राविधिक अध्ययन, अनुसन्धान तथा परीक्षण कार्यक्रमः** कार्यालय आफैंले सञ्चालन गर्ने क्रियाकलापको हकमा स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही प्रचलित कानुनको अधिनमा रही लागत अनुमान स्वीकृत गरी गर्नुपर्नेछ। बाह्य संघ, संस्था, निकायहरुबाट परामर्श सेवा लिनुपर्ने भएमा प्रचलित कानुन बमोजिम परामर्श सेवा लिन सकिनेछ।

(ञ) **बाली उपचार तथा माटो जाँच सेवाका लागि सामान्य प्रयोगशाला स्थापना तथा सेवा प्रवाहः** कार्यालयले सामान्य प्रयोगशाला तथा सेवा प्रवाहको लागि आवश्यक सामग्री प्रचलित कानुन बमोजिम खरिद गरी सेवा प्रवाह गर्नेछ।

४५. **मौरीपालन प्रविधि विकास कार्यक्रमः** (१) कार्यालयबाट बजेटको परिधिभित्र रही लागत अनुमान र प्राविधिक मापदण्ड स्वीकृत गरी क्रियाकलापहरु सञ्चालन गरिनेछ।

(क) **गुणस्तरीय रानु मौरी उत्पादन तथा वितरण कार्यक्रमः**

(अ) सम्झौताबमोजिम रानु उत्पादक कृषकले ग्राफ्टेड रानो उपलब्ध गराए बापत फार्म/केन्द्रले प्रति रानु अधिकतम रु. ७५०।- प्रोत्साहन रकम प्रदान गर्नेछ।

(आ) फार्म/केन्द्रले ग्राफ्टेड रानु उत्पादन गर्दा प्रति रानु अधिकतम रु.

(इ) ७५०।- सम्म खर्च गर्न सक्नेछ।

(ख) **माइट तथा ई.एफ.वि. रोग व्यवस्थापन कार्यक्रमः**

(अ) समस्याग्रस्त क्षेत्रमा माइट तथा ई.एफ.वि. रोग नियन्त्रण तथा रोकथामको लागि प्रति कृषक रु. १०००।- सम्मको औषधी तथा सामग्री निःशुल्क वितरण गर्न सकिनेछ।

(आ) क्षमता अभिवृद्धिका लागि सञ्चालन गरिने स्थलगत तालिम तथा अन्तर्क्रिया कार्यक्रमको खर्च प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ बमोजिम हुनेछ।.

(ग) **चिउरी तथा चरन बिरुवा उत्पादन तथा वितरण कार्यक्रमः** चेपाङ लगायत सीमान्तकृत वर्गका मौरीपालक कृषकहरुले एकै स्थानमा ५०० वटा चिउरी विजु बिरुवा लगाउने भएमा १ पटकको लागि निःशुल्क विरुवा उपलब्ध गराइनेछ।

परिच्छेद -८

विविध

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

४६. <u>प्रस्ताव छनोट सम्बन्धी अन्य शर्तः</u> (१) प्रस्तावकले अन्य निकायबाट दोहोरो अनुदान लिन पाउने छैन।

(२) प्रस्तावकले चालु आ.व. मा दोहोरो अनुदान प्राप्त नगरेको बेहोरा खुल्ने अनुसूची-१५ बमोजिमको ढाँचामा स्व-घोषणा पेस गर्नुपर्नेछ। अन्य निकायबाट दोहोरो अनुदान प्राप्त भएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

४७. <u>सार्वजनिक सूचना पाटी सम्बन्धी व्यवस्थाः</u> प्रोत्साहन रकम प्राप्त गर्ने लाभग्राहीले कार्यक्रम सम्पन्न भएको स्थलमा अनुसूची-१६ बमोजिमको सार्वजनिक सूचना पाटी सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ।

४८. <u>विवरण उपलब्ध गराउनेः</u> स्वीकृत वार्षिक कार्यक्रम सम्पन्न भएपश्चात निर्देशनालय तथा कार्यालयले लाभग्राहीको विवरण नियमित अद्यावधिक गरी प्रकाशन एवं माथिल्लो निकायमा पठाउनु पर्नेछ।

४९. <u>अनुगमन तथा निरीक्षणः</u> मन्त्रालय/निर्देशनालय तथा कार्यालयले कार्यक्रम कार्यान्वयनको चरणमा वा कार्यसम्पन्न पश्चात आवश्यकता अनुसार छुट्टाछुट्टै वा संयुक्त अनुगमन निरीक्षण गर्न सक्नेछ। यसरी भएको अनुगमनबाट दिइएको मौखिक वा लिखित पृष्ठपोषण पालन गर्नु साझेदारको कर्तव्य हुनेछ। साथै, मन्त्रालय/निर्देशनालय तथा कार्यालयले अनुगमन प्रतिवेदनको सुझाव र पृष्ठपोषणलाई आगामी दिनमा मागमा आधारीत कार्यक्रम तर्जुमा गर्न र प्रभावकारी कार्यान्वयनका लागि आधारको रुपमा लिनेछन्।

५०. <u>कारबाही सम्बन्धी व्यवस्थाः</u> साझेदारले लिएको प्रोत्साहन अनुदान रकम दुरुपयोग गरेको पाईएमा निजलाई नकारात्मक सूचीमा सूचीकृत गरी प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न प्रक्रिया अगाडि बढाइनेछ।

५१. <u>संशोधनः</u> यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ। आर्थिक दायित्वको विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन गरिनेछ।

५२. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानुनसँग बाँझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

अनुसूची -१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः ... ... मन्त्रालय, बागमती प्रदेश अन्तर्गतको ... ... निर्देशनालय/कार्यालयको आ.व. ... ...को स्वीकृत वार्षिक कार्यक्रम ... ... सञ्चालन गर्न ... ...इच्छुक प्रस्तावकले यो सूचना प्रकाशित भएको ... ... औं दिन (... ... ...गते) सम्ममा कार्यालय समयभित्र आईपुग्ने गरी देहाय, बमोजिमका कागजात सहित निवेदनसाथ अनुसूची-३ बमोजिमको प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै, रीतपूर्वक पेस नभएका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराईन्छ। प्रस्तावहरू अनलाईन वा इमेलमार्फत समेत प्रस्ताव पेस गर्न सकिनेछ।

तपसिलः

१. अनुसूची-२ बमोजिमको आवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. संस्था दर्ता, मूल्य अभिवृद्धि कर (VAT)/स्थायी लेखा नम्बर (PAN), कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
३. समूह/सहकारी/निजी फार्मको प्रवन्ध पत्र वा नियमावली/उद्देश्य देखिने कागजातहरु,
४. कार्यक्रम सञ्चालन सम्बन्धी संस्थागत निर्णय भएको प्रमाण,
५. कार्यक्रम सञ्चालन तथा संरचना निर्माण गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि, जग्गा भाडामा लिइएको भए, सूचनाको म्याद कायम रहेको अन्तिम मितिसम्म फलफूल तथा अन्य बहुवर्षीय बालीका लागि न्यूनतम १० वर्ष, संरक्षित संरचनाको हकमा न्यूनतम ५ वर्ष, अन्य स्थायी संरचना निर्माणका लागि न्यूनतम १५ वर्ष, र एक वर्षीय बालीका लागि न्यूनतम ३ वर्ष बाँकी अवधि भएको करार सम्झौता गरिएको हुनुपर्नेछ।
६. अनुसूची-३ बमोजिमको प्रस्ताव पत्र,
७. अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र,
८. अनुसूची-५ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,
९. कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह/सहकारी संस्थाले प्रोत्साहन अनुदान माग गर्दा अनिवार्य रुपमा संस्थाको निर्णय पेस गर्नुपर्ने,
१०. कार्यालयबाट माग भएका आवश्यक अन्य कागजात।

नोटः निर्देशनालय/कार्यालयले स्वीकृत कार्यक्रमको सान्दर्भिकता अनुसार यो ढाँचामा आवश्यक परिमार्जन गरी सूचना प्रकाशन गर्न सक्नेछ।

सुधीर श्रेष्ठ
सचिव

मा. रमा आले मगर
मन्त्री

अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

<u>आवेदनको ढाँचा</u>

मिति : ... ...

श्रीमान् निर्देशक/कार्यालय प्रमुखज्यू

... ...।

विषयः प्रस्ताव पेस गरिएको बारे।

महोदय,

तहाँ कार्यालयको मिति ... ... मा ... ... राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार "... ... ... कार्यक्रम" सञ्चालन गर्न इच्छा भएकोले तपसिल अनुसारका कागजातहरु संग्लग्न राखी यो निवेदन पेस गरेको छु/छौं। उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र संलग्न कार्यविधिमा भएका शर्त र मापदण्ड परिपालना गरी कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता गर्दछु/छौं। साथै सम्झौता र मापदण्ड विपरीत गरेको पाइएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं।

<u>संलग्न कागजातहरुः</u>

१) ... ...,

२) ... ...,

औंठा छाप

दायाँ	बायाँ

<u>आवेदकको</u>

नामः

पदः

ठेगानाः

<u>संस्थाको</u>

नामः

सम्पर्क नं. :

संस्थाको छापः

सुधीर श्रेष्ठ
सचिव

मा. रमा आले मगर
मन्त्री

अनुसूची - ३
(दफा ४ सँग सम्बन्धित)

प्रस्ताव-पत्र

क) प्राविधिक प्रस्तावः							
१	प्रस्तावित कार्यक्रमको नाम						
२	कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना						
३	प्रस्तावकको नाम						
४	ठेगाना						
५	प्रस्तावकको सम्पर्क मोबाइल नं.						
६	प्रस्तावकको इमेल ठेगाना						
७	प्रस्तावक संस्थाको दर्ता नम्बर						
८	दर्ता भएको निकाय र दर्ता मिति						
९	संस्था दर्ता वा स्थापना पश्चातको अवधि (वर्षमा)						
१०	भ्याट/पान दर्ता नम्बर						
११	प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु.						
१२	प्रस्तावित कार्यक्रमको उद्देश्यः						
१२.१							
१२.२							
१२.३							
१३	प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः						
१३.१	सडक सुविधा (छ/छैन)		नजिकको बजारको नाम				
१३.२	कस्तो सडक छ (कच्ची/पक्की)		बजार सम्मको दुरी (कि.मी.)				
१३.३	बिजुलीको सुविधा (छ/छैन)		सदरमुकाम देखिको दुरी (कि.मी.)				
१३.४	खानेपानीको सुविधा (छ/छैन)		जग्गाको स्वामित्व (आफ्नै/लिजमा)				
१४	प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको सङ्ख्या						
१५	लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको सङ्ख्या)	पूरुष	महिला	दलित	जनजाति	अन्य	
१६	कार्यक्रममा सहभागी हुने कृषकहरुको विवरण						

३८

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

क्र.सं.	कृषकको नाम, थर	ठेगाना	जग्गाको विवरण		कैफियत
			कित्ता नं.	जग्गाको क्षेत्रफल (रोपनी)	

१७	क्रियाकलाप कार्यान्वयन योजना:												
	कार्यक्रम	श्रावण	भाद्र	आश्विन	कार्तिक	मंसिर	पौष	माघ	फाल्गुण	चैत्र	वैशाख	जेष्ठ	आषाढ
१७.१													
१७.२													
१७.३													
१७.४													

१८	कार्यक्रम समाप्ती पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने):	
	अपेक्षित उपलब्धिहरु	परिमाण
१८.१		
१८.२		
१८.३		
१८.४		

१९	प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने:	
	प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना	सहकार्य हुने रकम रु.

३९

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

१९.१		
१९.२		
१९.३		
१९.४		
२०	प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेल खाने मात्र):	
२०.१		
२०.२		
२०.३		
२०.४		
२१	उपर्युक्त कार्य सम्पादनका लागि भएको लगानी रकम रु.	
२२	प्रस्तावित कार्यक्रम सम्बन्धी प्रस्तावकको अनुभव र तालिम भए अवधी समेत खुलाउने :	
	अनुभव तथा तालिमहरु	अवधी
२२.१		
२२.२		
२२.३		
२२.४		

२३	प्रस्तावकसँग विद्यमान जनशक्ति विवरण:		
	जनशक्ति विवरण	शैक्षिक योग्यता	तालिमको नाम र अवधी
२३.१			
२३.२			
२३.३			
२३.४			
२४	प्रस्तावित कार्यक्रमले सिर्जना गर्ने थप रोजगारी सङ्ख्या:		

ख) आर्थिक प्रस्ताव:

प्रस्तावमा उल्लिखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण:

क्र. सं.	मुख्य-मुख्य क्रियाकलापहरु	एकाइ	परिमाण	प्रति एकाइ दर	कुल लागत रकम रु.
१					
२					
३					
४					
५					
जम्मा रकम रु.					

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

लगानीको श्रोत (स्वः लगानी वा ऋण वा सामूहिक लगानी) खुलाउनुपर्ने	
उल्लिखित सम्पूर्ण विवरणहरु सही रुपमा पेस गरेको छु/छौं। कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको बेहोरा समेत अवगत गराउँदछु/छौं।	
प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको	
नामः	
पदः	
हस्ताक्षरः	
मितिः	
संस्थाको छाप	

नोटः कार्यक्रमको प्रकृति अनुसार प्रस्ताव माग सम्बन्धी नमुना फर्मेटलाई आवश्यक परिमार्जन गर्न सकिनेछ।

मा. रमा आले मगर
मन्त्री

अनुसूची-४

(दफा-४ सँग सम्बन्धित)

<u>प्रतिबद्धता पत्र</u>

श्रीमान् निर्देशक/कार्यालय प्रमुखज्यू

.... (कार्यालयको नाम)

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ... ..., का दिन ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार ... ... (ठेगाना)... ... ... स्थित ... ... (कृषक/संस्थाको नाम)... ... ... ले ... ...(कार्यक्रमको नाम) ... ... मा प्रस्ताव पेस गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौं। यदि यस प्रतिवद्धता पत्रमा केही झुठो ठहरिएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं।

तपसिलः

१. यस कार्यक्रममा छनोट भएको खण्डमा दोहोरो अनुदान सुविधा लिने छैन।

२. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन।

३. कुनैपनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन।

४. छनोट भएको खण्डमा न्यूनतम ... वर्षसम्म व्यवसाय निरन्तर सञ्चालन गर्नेछु/छौं।

औंठा छाप

दायाँ	बायाँ

<u>आवेदकको</u>

नामः

पदः

ठेगानाः

सम्पर्क नं: :

संस्थाको छापः

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

अनुसूची-५

(दफा ४ सँग सम्बन्धित)

कार्यक्रम सञ्चालन गरिने स्थानको नक्साः



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मग
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
लुम्बिनी प्रदेश सरकार
तौलिहवा, नेपाल

अनुसूची-६

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

स्थलगत प्रमाणीकरण प्रतिवेदन ढाँचा

कार्यक्रमको नाम:

प्रस्तावक संस्थाको नाम र ठेगाना :

स्थलगत प्रमाणीकरण मिति:

१. भौतिक पूर्वाधारको अवस्था:

भौतिक पूर्वाधार	भए (√)/नभएको (x)	कैफियत
बाटो		
बिजुली		
पानी		
बजार सुविधा		
... ...		

२. सम्बन्धित बालीको अवस्था

बाली	लगाईएको क्षेत्रफल	वार्षिक उत्पादन बिक्री परिमाण (के.जी.)	कैफियत
फलफूल			
तरकारी			
मसला बाली			
अन्नबाली			
.....			

३. बिक्री वितरणको अवस्था

बाली	दैनिक बिक्री के.जी	बजार

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

४. सम्बन्धित कृषि उपज/बालीको अनुभव तथा तालिम विवरण

बाली तथा कार्यक्रम सँग सम्बन्धित विषय	अनुभव (संस्थागत तथा व्यक्तिगत	तालिमको विवरण (तालिम मिति तथा प्रदान गर्ने निकाय

५. प्रयोग भईरहेका संरचना/मेशिनरी औजार/उपकरणहरु तथा नवीन प्रविधिको विवरण

नाम	सङ्ख्या	विवरण

६. भौगोलिक/प्राविधिक हिसाब उपयुक्तता भए/नभएको: ... ...

७. संस्थाले गरेका नवीनतम कार्यहरु: ... ...

८. अन्य निकायबाट हालसम्म संस्थालाई प्रदान भएको अनुदानको विवरण:

९. आवेदक कृषक/कृषक प्रतिनिधीको हस्ताक्षर:

१०. स्थलगत निरीक्षण टोलीको राय:

११. स्थलगत निरीक्षण गर्ने पदाधिकारीहरुको विवरण:

नाम	पद	कार्यरत कार्यालय	हस्ताक्षर

<u>नोट</u>: निर्देशनालय/कार्यालयले स्वीकृत कार्यक्रमको सान्दर्भिकता अनुसार आवश्यक परिमार्जन गरी स्थलगत प्रमाणीकरणको ढाँचा प्रयोग गर्न सक्नेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

अनुसूची-७

(दफा ७ को उपदफा (३) संग सम्बन्धित)

प्रस्ताव मूल्याङ्कनका आधारहरु

पूर्णाङ्कः १००
उत्तिर्णाङ्कः ५०

क्र.सं.	विवरण	कुल अङ्कक	कैफियत
१	प्रस्तावकको प्रकार	१०	समूह, सहकारी, निजी फार्म, कम्पनी वा कृषक (कृषि ज्ञान रत्न कार्यक्रममा कृषि विषयलाई प्राथमिकता दिई प्रस्तावकको शैक्षिक विवरण समेट्ने)
२	प्रस्तावकको व्यावसायिक कृषिमा अनुभव	१०	
३	प्राविधिक एवं भौगोलिक उपयुक्तता	१०	
४	प्रस्तावित कार्यक्रमबाट लाभान्वित कृषक सङ्ख्या र सामावेशिता	१०	
५	कार्यक्रमका लागि उपलब्ध जग्गाको स्वामित्व	१०	आफ्नै, भाडामा, संस्थाको नाममा/सदस्यको नाममा
६	कार्य योजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता, व्यावसायिकता, कार्यक्रमसंगको तालमेल तथा नवीनता	३०	
७	गत आ.व.मा अनुदान प्राप्त गरे/नगरेको	१०	
८	उपलब्ध सुविधा, स्रोत तथा भौतिक पूर्वाधार	१०	सडक, बिजुली, पानी, लगायतका सुविधा तथा भण्डारण, प्रशोधन लगायतका पूर्वाधार

नोटः कार्यक्रमको प्रकृति अनुरुप मूल्याङ्कन समितिले सूचना प्रकाशन अगावै मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवं सहायक मापदण्ड बनाउन र सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

भौतिक पूर्वाधार, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -८

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

सम्झौता-पत्र

... ... निर्देशनालय/कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी... ... ...कार्यक्रम सञ्चालनका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं।

तपसिलः

१. प्रथम पक्षले ... ... कार्यक्रम सञ्चालनको लागि कुल लागत इष्टिमेट रकम मध्ये दोस्रो पक्षलाई रु. ... ... (अक्षरेपी ... ...) बराबरको रकम सहयोग प्रदान गर्नेछ। प्रथम पक्षले उपलब्ध गराउने सहयोग बाहेकको रकम दोस्रो पक्षले जुटाई कार्य पुरा गर्नुपर्नेछ।
२. सम्झौता भएको मितिले .....दिन भित्र लागत अनुमान र क्रियाकलाप अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ।
३. दोस्रो पक्षले यही ... ...साल ... ...महिना ... ...गते भित्र तोकिएको कार्य सम्पन्न गरी सक्नु पर्नेछ। कार्य सम्पन्नताको आधारमा रकम बढीमा ३ किस्तामा उपलब्ध गराईनेछ।
४. दोस्रो पक्षले क्रियाकलापहरु उद्देश्य पुरा हुने गरी तोकिएको समय सीमाभित्र सम्पन्न गर्नुपर्नेछ।
५. दोस्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा सम्झौता रकम र लागत साझेदारी भए सो को विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्नेछ। होडिङ बोर्डको ढाँचा प्रथम पक्षले तोके बमोजिम हुनेछ।
६. जग्गा सम्बन्धी विवाद उत्पन्न भएमा दोस्रो पक्षले सोको समाधान स्वयम् गर्नुपर्नेछ।
७. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्यसम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।
८. प्राविधिक जाँचपास गर्नुपर्ने कार्यक्रमको हकमा कार्यक्रम सञ्चालन गर्ने निकायले तोकेको कार्यक्रमको लागत अनुमान, लेआउट, डिजाइन सम्बन्धित विषयको प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।
९. कार्यक्रम संचालनार्थ आवश्यक पर्ने जग्गा सम्बन्धित साझेदारले व्यवस्था गर्नुपर्नेछ।
१०. यस कार्यविधि अनुसार सम्झौता भएका साझेदारले सम्भव भएसम्म बाली बिमा गर्नुपर्नेछ। बिमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार साझेदार स्वयं हुनेछ।
११. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुबै पक्षको आपसी सहमती अनुसार हुनेछ।
१२. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन अनुसार हुनेछ।

प्रथम पक्षको तर्फबाटः
हस्ताक्षरः
नामः
पदः


दोस्रो पक्षको तर्फबाटः
हस्ताक्षरः
नामः
पदः

सुधीर श्रेष्ठ
मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

कार्यालयः

कार्यालयको छापः



हस्ताक्षरः

नामः


पदः

कार्यालयः

<u>रोहवर</u>

सस्थाः

सस्थाको छापः



हस्ताक्षरः

नामः

पदः

संस्थाः

इति संवत् ... ...साल ... ... महिना ... ... गते रोज ... ... शुभम्।

नोटः कार्यक्रमको प्रकृति अनुरुप नमुना सम्झौताको ढाँचालाई आवश्यकता बमोजिम परिमार्जन गर्न सकिनेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

अनुसूची-९

(दफा ११ को उपदफा ३(ख) को उपखण्ड (अ) सँग सम्बन्धित)

विभिन्न बाली वस्तुहरुको क्लष्टरको न्यूनतम मापदण्ड

कार्यक्रमको नाम	न्यूनतम मापदण्ड (क्षेत्रफल/संख्या/के.जि.)			
	भित्री मधेश	उपत्यका	पहाड	उच्चपहाड
खुल्ला जमिनमा तरकारी बाली प्रवर्धन कार्यक्रम	१ हेक्टर	०.५ हेक्टर	०.५ हेक्टर	०.५ हेक्टर
अलैंची तथा मसलाबाली प्रवर्धन कार्यक्रम	१ हेक्टर	१ हेक्टर	१ हेक्टर	१ हेक्टर
चिया प्रवर्धन कार्यक्रम		३ हेक्टर	५ हेक्टर	
कफी प्रवर्धन कार्यक्रम		२ हेक्टर	२ हेक्टर	
आलु बाली प्रवर्धन कार्यक्रम	२ हेक्टर	२ हेक्टर	१ हेक्टर	१ हेक्टर
खाद्यान्न बाली प्रवर्धन कार्यक्रम (धान, मकै, गहुँ)	३ हेक्टर	२ हेक्टर	२ हेक्टर	१ हेक्टर
चैते धान/बास्नादार धान प्रवर्धन कार्यक्रम	२ हेक्टर	१ हेक्टर	१ हेक्टर	०.५ हेक्टर
तेलहन बाली प्रवर्धन कार्यक्रम	१.५ हेक्टर	१ हेक्टर	१ हेक्टर	
दलहन बाली प्रवर्धन कार्यक्रम	१.५ हेक्टर	१ हेक्टर	१ हेक्टर	०.५ हेक्टर
रैथाने बाली मूल्य श्रृंखला प्रवर्धन कार्यक्रम	१ हेक्टर	१ हेक्टर	१ हेक्टर	१ हेक्टर
फलफूल बाली प्रवर्धन कार्यक्रम (ड्रागन फ्रुट/स्ट्रबेरी बाहेक) ड्रागन फ्रुट/स्ट्रबेरीका लागि	१ हेक्टर ०.५ हेक्टर	०.५ हेक्टर ०.२५ हेक्टर	१ हेक्टर ०.२५ हेक्टर	१ हेक्टर -
मौरी प्रवर्धन कार्यक्रम	१०० घार	५० घार	५० घार	५० घार
च्याउ खेती प्रवर्धन कार्यक्रम	कन्ये च्याउको हकमा १५०० र गोब्रे च्याउको हकमा २०० के.जी. बिउ	कन्ये च्याउको हकमा १५०० र गोब्रे च्याउको हकमा २०० के.जी. बिउ, सिताकेको हकमा २००० मुढा	कन्ये च्याउको हकमा १५०० र गोब्रे च्याउको हकमा २०० के.जी. बिउ, सिताकेको हकमा २००० मुढा	कन्ये च्याउको हकमा १५०० र गोब्रे च्याउको हकमा २०० के.जी. बिउ, सिताकेको हकमा २००० मुढा
पुष्प व्यवसाय प्रवर्धन कार्यक्रम	सयपत्री खेतीको हकमा ०.५ हेक्टर र कटफ्लावरको हकमा २ रोपनी	सयपत्री खेतीको हकमा ०.५ हेक्टर र कटफ्लावरको हकमा २ रोपनी	सयपत्री खेतीको हकमा ०.५ हेक्टर र कटफ्लावरको हकमा २ रोपनी	सयपत्री खेतीको हकमा ५ रोपनी र कटफ्लावरको हकमा २ रोपनी

सुधीर भेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

अनुसूची-१०

(दफा ११ को उपदफा ३(घ) को उपखण्ड (आ) र दफा १२ को उपदफा (३) को खण्ड (ख) सँग सम्बन्धित)

प्राविधिक मापदण्ड

1. बाँसको प्लास्टिक घर (Bamboo Tunnel)

Specification of Bamboo Tunnel for Design Area (60 Sqm)

S.N.	Items	Description
1	Materials Used	Bamboo is used to make the Frame of the Structure. Column/Cross Beam/Top Purlin/End Purlin: Straight Bamboo with full diameter is used without any Cracks. Main Rafter: full diameter/ Half Diameter Bamboo is used Support Rafter: Quarter Diameter Bamboo is used.
2	Grid Size	3 m x 2.5 m
3	Length of Tunnel	12 m
4	Area	Breadth: 5 m Length: 12 m Area: 60 Sqm
5	Height/ Foundation Details:	**Side Height:** Side Height 2 m above and 60 cm below the Ground Level, **Centre Height:** Centre Height 3 m above and 60 cm below the Ground Level. ***Note:*** *Bamboo Should be Coloured with Enamel Painting and Cover with Plastic Wrapping to prevent Early damage with Water and Insects for Bamboo below the Ground level.*
6	UV Plastic	UV Plastic with Minimum 100 Micron is used to Cover the Roof of the Tunnel

Note: The length, breadth and height could be varied according to the site and climate.

2. फलामको पाइपको प्लास्टिक घर (Iron made Plastic Tunnel)

Specification of Iron made Plastic Tunnel for Design Area: 60 Sqm

S.N.	Items	Description
1.	Materials Used	Iron Pipe with MINIMUM 2MM Thickens is used to make the Frame of the Structure and all the metal works should be thoroughly painted with synthetic Alumunium paint. **Pipe Details:** Column Pipe: (60 mm OD) Bottom Beams: (48 mm OD) Top Purlin/ End Purlin: (42 mm OD) King Post: (42 mm OD) Strut Members: 32 mm
2.	Grid Size	5 m x 3 m
3.	Length of Tunnel	12 m (DOME OR GABLE SHAPE. NUT BOLTS OR WELDING TYPE)
4.	Area	Breadth: 5 m Length: 12 m ***Area: 60 Sqm***
5.	Height/ Foundation Details:	**Side Height:** Side Height 2.5 m above the G L and 75 cm below the Ground Level, Total length of foundation pipe must be (1) one Mtr with Bottle neck type, Foundation pipe and Column must be joint with 10 mm hot dip galvanized Nut bolts, Polyhouse to be fixed with High quality of F bracket, L Bracket, Full Clamps, Half Clamps and Nut Bolts. Welding of Iron pipe is not

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

श्री, बागमती प्रदेश सरकार
भूमि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

S.N.	Items	Description
		allowed to fix the strucuture. Centre Height: Centre Height 3.5 above Ground Level Civil Works: 1:2:4 PCC works of size 20 cm X 20 cm X 75 cm for embedding vertical pipe below the Ground Level and 30 cm PCC works above the Ground level.
6.	UV Plastic	UV Plastic 200 Micron is used to Cover the Roof of the Tunnel
7.	Insect Net	40 Mesh UV Insect is used for the Sides of the Tunnel
8.	Apron Paper (if required)	UV Plastic 200 Micron is used as Apron Paper below the insect in Sides of the Tunnel. 0.5 mtr above ground level and 0.25 mtr under the ground level
9.	Door	Single entry Door of 1 mtr×2 mtr with 200 micron UV plastic to be fixed in door.
10.	GI Profile and Zigzag Wire	High quality of GI profile and zigzac wire to be used for fixing of UV plastic and insect net.

Note: The length, breadth and height could be varied according to the site and climate.

4. नेचुरल्ली भेण्टिलेटेड पोलीहाउस **(Naturally Ventilated Poly House)**

Specification of Naturally Ventilated Poly House

SN	Item	General Specification
1	Type/ Design	Minimum top ventilation should be 10% of total Poly house. Preferably Saw tooth design or Even Span, Ridge & Furrow depending upon suitability for naturally ventilated poly-house/greenhouse.
2	Grid	8 m x 4 m
3	Size	560 sqm 200 sqm 120 sqm
4	Shape	**For 6 x 20 sqm** **Coloums :** 60 mm OD/2 mm thickness Hot dip 360 GSM GI **Bottom Cord:** 48 mm OD/2 mm thickness Hot dip 360 GSM GI **Perline** : 42 mm OD with 2.0 mm thickness at ridge gutter arch and 42 mm OD with 2.0 mm thickness for 2nd purline. Purline member and other 32 mm, 2mm thickness **Truss Member**: Member 32 mm OD with 2mm thickness. Bracing 42 mm OD with 2.0mm thickness G.I. Pipe Structural members to be fitted in plated nuts, bolts and washers without welding. Arch 42 mm OD with 2.0mm thickness G.I. **For 560 sqm & 200 sqm** **Coloums :** 76 mm OD/2 mm thickness Hot dip 360 GSM GI **Bottom Cord:** 60 mm OD/2 mm thickness Hot dip 360 GSM GI **Perline** : 42 mm OD with 2.0 mm thickness at ridge gutter arch and 42 mm OD with 2.0 mm thickness for 2nd purline. Purline member and other 42 mm, 2mm thickness **Truss Member**: Member 42 mm OD with 2 mm thickness. Bracing 42 mm OD with 2.0 mm thickness G.I. Pipe Structural members to be fitted in plated nuts, bolts and washers without welding. Arch 42 mm OD with 2.0 mm thickness G.I.
5	Structure	Hot Dip Galvanized Tubular structure having wall thickness 2 mm with Galvanization of the Structural should not be less than 300 GSM.
6	Gutter	Gutter should be made of Galvanized sheet of 1.8 mm thickness in trapezoidal shape having 500 mm wide perimeter for multi span green

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

		house.
7	Ridge Height & Gutter height minimum	Items /Region: Terai: Hill Ridge: 6.5 m: 6 m Gutter: 4 m: 3 m
8	Arches Overlap	Minimum overlap of top arch over second (small) arch should be 600mm to avoid direct rain entrance into the greenhouse from the vent.
9	Foundation	Pit size should be min 45 cm dia. Depth 75 to 90 cm or suitably altered depending upon Ground strata/level so as to ensure safety and stability of the structure even under extreme wind conditions.
10	Civil works	PCC works 1:2:4 blocks of size 30 cm X 30 cm X 80 cm for embedding vertical pipe/poll.
11	Curtain Opening/ Insect Net	To reduce the inside poly-house temperature increase, side ventilation, minimum 20% of floor area is necessary. Minimum 1.5 m clear side curtain opening is required. Side curtain should have min.200 mm overlap to the bottom apron. This overlap is necessary to avoid direct entrance of rain into the green house and also to stop direct air entry in the nights. 40 mesh 80 GSM UV Stabilized Insect Net is used at the Top Vent Opening and Sides of Poly House.
12	Bottom Apron	To top the CO2 inside the greenhouse, bottom apron is necessary. It should have min 0.6 m height from the ground and max 1.5 meter depending upon the crop and climatic conditions.
13	Doors	Double Door Entry, Doors Should Be Made Of Form FRP Sheets or polycarbonate sheets. Opening and closing is either hinged or sliding in. width of door should be 1m and min height 2M.
14	Shade Net	UV stabilized 50 % shade net with manually operated mechanism for expanding and retracting. Size of Shade net should be equal to the floor area of Green House.
15	Plastic Coverings	UV stabilized 200 micron Plastic films is used to Cover the Green House. Options in green house film: Compulsory properties: UV stabilization, Diffusion/Clear (Light Transmission)
16	Profile/Poly fixing	C type profile made of GI should have-high strength with light weight-(approx 220-250 gm/m) smooth edges is used, Curve bottom proper for 1.25" to 3" pipes, Proper channel for spring and suitable for double spring locking 0.9 mm thick. Self-drilling screw should be fixed on profile every 40 cm along the full length of the profile.
17	Spring	A plastic coated GI wire spring of 2.2-2.5 mm diameter, having good elasticity should be used for longer life that transferring less heat to the cladding materials as plastic films or shade net.
18	Air Circulation Fan and Cooling Pad	If required

Note:
The length, breadth, and height may vary depending on the site and climate.

These specifications are provided only for reference and may be modified as per the climate, height, and specific requirements of the tunnel area, subject to approval by an authorized Agriculture Engineer.

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
लुम्बिनी प्रदेश सरकार
हैटौंडा, नेपाल

अनुसूची-११

(दफा २५ को उपदफा ३(ग) सँग सम्बन्धित)

प्राङ्गारिक/जैविक/जीवाणु मल आपूर्तिकर्ता सूचीकरणको सूचना

प्रथम पटक प्रकाशित मितिः.....

... ... निर्देशनालय/कार्यालयको आ.व. ... ... को स्वीकृत वार्षिक कार्यक्रम प्राङ्गारिक/जिवाणु/जैविक मल प्रोत्साहन तथा अनुदान कार्यक्रम सञ्चालनका लागि प्राङ्गारिक मल बिक्री गर्ने उत्पादक तथा वितरकहरुले यो सूचना प्रकाशित भएको ..... औं दिन (... ... ... गते) सम्ममा कार्यालय समयभित्र आईपुग्ने गरी तपसिल बमोजिमका कागजातसहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै, रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराईन्छ। अनलाईन वा इमेल मार्फत समेत प्रस्ताव पेस गर्न सकिनेछ।

तपसिलः

१. संस्था दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२. संस्था नविकरणको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयमा गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
३. संस्थाको मूल्य अभिवृद्धि कर (VAT)/स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. पछिल्लो आ.व.को लेखा परीक्षण र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
५. चालु आ.व.मा आपूर्ती गर्न सक्ने मलको परिमाण,
६. सम्बन्धित निकायमा सूचीकृत गरिएको प्रमाणपत्रको प्रतिलिपि,
७. सरकारी निकायबाट मान्यता प्राप्त प्रयोगशालाबाट अनुसूची-१३ मा उल्लिखित प्राङ्गारिक मलको मापदण्ड तथा गुणस्तरको प्रमाणपत्र (पछिल्लो एक महिना भित्रको),
८. प्राङ्गारिक मलको नमुना (मलको ब्राण्डको नाम, प्रति के.जी. मूल्य खुलेको हुनुपर्ने),
९. आपूर्तीकर्ताले आफुले उत्पादन गर्ने मलको ब्राण्डको नाम, प्रति के.जी. मूल्य, कम्पनीको शाखा/बिक्री कार्यालयहरु र उपलब्ध गराउन सक्ने मलको परिमाण,
१०. मलको उत्पादन मिति र प्रयोग गरिसक्नुपर्ने मिति, व्याच नं., अधिकतम खुद्रा मुल्य, तौल तथा मलमा पाइने पोषण तत्वको मात्रा प्रत्येक प्याकेजिङ्गमा प्रष्ट रुपमा देखिने गरी उल्लेख भएको हुनुपर्नेछ।

नोटः निर्देशनालय/कार्यालयले स्वीकृत कार्यक्रमको सान्दर्भिकता अनुसार यो ढाँचामा आवश्यक परिमार्जन गरी सूचना प्रकाशन गर्न सक्नेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१२

(दफा २५ को उपदफा ३(ग) सँग सम्बन्धित)

प्राङ्गारिक/जिवाणु/जैविक मल प्रोत्साहन तथा अनुदान कार्यक्रमका लागि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः.....

... ...निर्देशनालय/कार्यालयको आ.व. ... ... को स्वीकृत वार्षिक कार्यक्रम प्राङ्गारिक/जिवाणु/जैविक मल प्रोत्साहन तथा अनुदान कार्यक्रम अन्तर्गत प्राङ्गारिक मल खरिद गर्न चाहने कृषक, कृषक समूह, कृषि सहकारी, निजी फार्महरुले यो सूचना प्रकाशित भएको ..... औं दिन (... ... ... गते) सम्ममा कार्यालय समयभित्र आईपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता सम्बन्धित जिल्लाको कृषि विकास कार्यालय/कृषि तथा पशुपन्छी विकास कार्यालयमा गर्नु हुन आह्वान गरिन्छ। साथै, रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेस हुन नसक्ने बेहोरा समेत जानकारी गराईन्छ। अनलाईन वा इ-मेल मार्फत समेत प्रस्ताव पेस गर्न सकिनेछ।

तपसिलः

१. संस्था दर्ता/नवीकरणको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२. संस्थाको PAN/VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
३. पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. समूह वा सहकारीको हकमा निर्णयको प्रतिलिपि,
५. जग्गाधनी पूर्जा/करार सम्झौताको प्रमाणित प्रतिलिपि,
६. खरिद गर्न चाहने मलको परिमाण

खेती गरिने जमिनको क्षेत्रफल (हेक्टर)	खरिद गर्न चाहने मलको परिमाण (के.जी.)	कैफियत

नोटः निर्देशनालय/कार्यालयले स्वीकृत कार्यक्रमको सान्दर्भिकता अनुसार यो ढाँचामा आवश्यक परिमार्जन गरी सूचना प्रकाशन गर्न सक्नेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
सुदूरपश्चिम प्रदेश सरकार
धनगढी, नेपाल

अनुसूची-१३ (क)

(दफा २५ को उपदफा ३(ट) सँग सम्बन्धित)

प्राङ्गारिक मलको मापदण्ड तथा गुणस्तर

मापदण्ड	धुलो प्राङ्गारिक मल	दानादार प्राङ्गारिक मल	गड्यौले मल
१. जम्मा नाइट्रोजन (N-Dry Weight basis)	न्यूनतम १.०%	न्यूनतम १.०%	न्यूनतम १.५%
२. जम्मा फस्फोरस (P_2O_5-Dry Weight basis)	न्यूनतम ०.५%	न्यूनतम ०.५%	न्यूनतम ०.५%
३. जम्मा पोटास (K_2o-Dry Weight basis)	न्यूनतम १.०%	न्यूनतम १.०%	न्यूनतम १.५%
४. चिस्यान (Moisture-Dry Weight basis)	अधिकतम २५.०%	अधिकतम २०.०%	अधिकतम २५.०%
५. प्राङ्गारिक पदार्थ (OM-Dry Weight basis)	न्यूनतम २०.०%	न्यूनतम २०.०%	न्यूनतम २०.०%
६. पि.एच. (pH)	६.०-८.०	६.०-८.०	६.०-८.०
७. गन्ध	गन्ध रहित	गन्ध रहित	गन्ध रहित
८. रोगका जीवाणु (Pathogens)	शून्य	शून्य	शून्य
९.गह्रौं धातु (Heavy metals-dry weight basis)			
क. आर्सेनिक (Arsenic-AS_2O_3)	अधिकतम १० ppm	अधिकतम १० ppm	अधिकतम १० ppm
ख. क्याड्मियम (Cadmium-Cd)	अधिकतम ५ ppm	अधिकतम ५ ppm	अधिकतम ५ ppm
ग. क्रोमियम (Chromium-Cr)	अधिकतम ५० ppm	अधिकतम ५० ppm	अधिकतम ५० ppm
घ. शिशा (Lead-Pb)	अधिकतम १०० ppm	अधिकतम १०० ppm	अधिकतम १०० ppm
ङ. पारो (Mercury-Hg)	अधिकतम २ ppm	अधिकतम २ ppm	अधिकतम २ ppm

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
लुम्बिनी प्रदेश सरकार
दाङ, नेपाल

अनुसूची-१३ (ख)

(दफा २५ को उपदफा ३(ट) सँग सम्बन्धित)

जिवाणु/जैविक मलको मापदण्ड तथा गुणस्तर

मापदण्ड	न्यूनतम आवश्यकता
१. माध्यम (Carrier media)	१. चिस्यान युक्त धुलो अथवा दानादार अथवा झोल रूपको माध्यममा तयार पारिएको
२. जीवाणुको संख्या (Viable cell count)	२. जीवित तर सुषुप्त अवस्थाको जीवाणुको संख्या न्यूनतमः क) धुलो/दानादार रुपको मलमा १×१०^{७} प्रति ग्राम, ख) झोल रुपको मलमा १×१०^{८} प्रति १०० मि.लि., ग) माइकोराइजा (Mycorrhiza) मलको हकमा १०० प्रोपागुल्स (proprgules) प्रति ग्राम अथवा प्रोपागुल्स(proprgules) प्रति मिलि।
३. अन्य जीवाणु (Contamination level)	१. १×१०^{४} को तहमा पातल्याउँदा मलमा हुनुपर्ने जीवाणु बाहेकका अन्य जीवाणुको उपस्थिति नदेखिने।
४. पि.एच. (pH)	१. ६.०– ८.०
५. चिस्यान (Moisture), ड्राई वेट बेसिस(Dry weight basis)	१. सुख्खा तौल आधारमा अधिकतम चिस्यान (क) धुलो अथवा पाउडर रुपमा मलमा ४०%, (ख) दानादार रुपको मलमा ३०%
६. कणहरुको आकार (Particle size)	१. धुलो अथवा पाउडर रुपको मल ०.१५– ०.२१ मिलिमिटर मेस आकारको चाल्नीबाट पूर्ण रूपमा छिर्ने सक्नु पर्दछ।
७. प्रभावकारिता (Efficiency character)	१. राइजोबियम (Rhizobium) जीवाणु मलको प्रयोगले सिफारिस गरिएको बालीको जरामा प्रभावकारी गिर्खा (Effective nodule) बनाउन सक्नु पर्दछ। २. एजोटोब्याक्टर (Azotobactor) तथा एजोस्पिरिलम (Azospirillum) मलको जीवाणुले १ ग्राम सुक्रोज उपयोग गरी कम्तीमा १० मिलि ग्राम नाइट्रोजन स्थिरिकृत गर्न सक्नु पर्दछ। ३. फोस्फेट सोलुबिलाइजिङ्ग ब्याक्टेरिया (Phosphate Solubilizing Bacteria - PSB) मलको जीवाणुको प्रयोगले कम्तीमा ३० प्रतिशत अघुलनशील अवस्थाको फस्फोरसलाई घुलनशील अवस्थामा बदल्न सक्नु पर्दछ। यसलाई ३ मिमि मोटाइको माध्यममा ५ मिमि दूरीसम्म असर गर्ने आधारमा मापन गर्न सकिन्छ। ४. माइकोराइजा (Mycorrhiza) मलको जीवाणुको प्रत्येक ईनोकुलमले परीक्षण गरिएको बिरुवाको जरामा ८०

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

	ईन्फेक्सन बिन्दुमा प्रभाव गर्न सक्नु पर्दछ।
८. लेबल (Label)	१. लेबल स्पष्ट देखिने र निम्न अनुसारको सूचना सहितको हुनु पर्दछ। क) उत्पादकको नाम तथा ब्राण्ड ख) उत्पादकको नाम, ठेगाना र सम्पर्क नम्बर ग) तौल तथा जीवाणुको संख्या घ) लट अथवा ब्याच नम्बर ङ) उत्पादन तथा खपत गरिसक्नुपर्ने मिति च) प्रयोग गर्ने तरिका छ) भण्डारण र ढुवानीका समयमा अपनाउनुपर्ने सावधानी
९. प्याकेजिङ (Packaging)	१. अपारदर्शी सामग्रीबाट हावा नछिर्ने गरी प्याकेजिङ गरिएको हुनु पर्दछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१४

(दफा ४२ को उपदफा (२) सँग सम्बन्धित)

चालु र पूँजीगत प्रकृतिका कार्यक्रमहरुको विवरण

क्र.सं.	चालु प्रकृतिका कार्यक्रमहरु	पूँजीगत प्रकृतिका कार्यक्रमहरु
१.	गुणस्तरीय बिउ/बेर्ना/बिरुवा लगायतका अन्य उत्पादन सामग्री	उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणसंग सम्बन्धित भवन तथा टहरा निर्माण तथा सुदृढीकरण
२.	साना तथा ठुला कृषिसँग सम्बन्धित यन्त्र उपकरण, ढुवानी साधन, उन्नत तथा नवीनतम प्रविधिका उपकरणहरु	च्याउ खेतीको लागि वातावरण अनुकुलित प्रविधि सहितको संरचना निर्माण
३.	बाली संरक्षण तथा पोष्ट हार्भेष्टसँग सम्बन्धित उपकरण खरिद	साना सिँचाइ संरचना निर्माण तथा मर्मत सुधार, विद्युतीय प्रणालीमा आधारित सिँचाइ
४.	माटोको उत्पादकत्व र उर्वराशक्ति बढाउने माटो सुधार सम्बन्धी कार्यक्रमहरु	संरक्षित संरचना निर्माण
५.	कृषिमा नवप्रवर्तन सम्बन्धी कार्यक्रमहरु	
६.	सिँचाइका उपकरण एवं सामग्रीहरु	
७.	संरक्षित संरचना सामग्रीः टनेल प्लाष्टिक, UV प्लाष्टिक	
८.	सफ्टवेयर निर्माण	
९.	च्याउ खेतीका लागि अनुकुलित बनाउन आवश्यक पर्ने मेशिनरीहरु जडान	
१०.	सामग्री ढुवानी खर्च	
११.	पूँजीगत प्रकृतिका कायर्क्रममा किटान नभएका अन्य क्रियाकलापहरु	
	कार्यालयद्वारा शतप्रतिशत लागत खर्च बेहोर्ने गरी सञ्चालन गरिने कार्यक्रमहरुः तालिम, भ्रमण, सेमिनार, सर्वेक्षण, कृषि प्रसार तथा प्रविधि विस्तार कार्यक्रमहरु, कृषि तथ्याङ्क सङ्कलन/अद्यावधिक,आकस्मिक बाली संरक्षण सेवा आदि कार्यक्रमहरु	

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

अनुसूची-१५

(दफा ४६ को उपदफा (२) सँग सम्बन्धित)

स्व-घोषणा

श्रीमान् निर्देशक/कार्यालय प्रमुखज्यू

.... (कार्यालयको नाम)

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ... ... का दिन ... ., कार्यक्रमका लागि प्रकाशित सूचना अनुसार ... ... जिल्ला ... ... पालिका स्थित ... ... कृषक/समूह/सहकारी/फर्म/कम्पनीले चालु आर्थिक वर्ष ... ... मा ..... मन्त्रालय र मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह, सङ्घीय सरकारबाट सञ्चालित परियोजनाबाट कृषि क्षेत्रको विकाससँग सम्बन्धित कार्यक्रम/क्रियाकलापको लागि अनुदान प्राप्त नगरेको बेहोरा स्व-घोषणा गर्दछु/छौं। चालु आर्थिक वर्ष ... ... मा सम्झौता अघि वा सम्झौता पश्चात अन्य निकायबाट दोहोरो अनुदान लिएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजिम कारबाही/सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं।

औंठा छाप

दायाँ	बायाँ

आवेदकको

नामः

पदः

ठेगानाः

सम्पर्क नं. :

संस्थाको छापः

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

अनुसूची-१६

(दफा ४७ सँग सम्बन्धित)

सार्वजनिक सूचना पाटीको ढाँचा

(साइजः २ फिट ३ फिट)

बागमती प्रदेश सरकार

..... मन्त्रालय

... ...

... ...

कार्यक्रम/आयोजनाको नामः ... ...

आयोजना सञ्चालन गर्ने समूह/ सहकारी/ निजी उद्यमीको नामः ... ...

ठेगानाः ... ...

कार्यक्रम/ आयोजनाको कुल लागतः रु. ... ...

प्रोत्साहन रकमः रु. ... ...

साझेदार संस्थाको सहभागिताः रु. ... ...

आयोजना अवधीः ... ... देखि ... ... सम्म

लाभग्राही सङ्ख्याः महिला ... ... पुरुष ... ... कुल ... ...

दलित ... ... जनजाति ... ... अन्य जाति ... ...

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री